ग्राहक प्रति

वर्ष २० | अंक १७६ | काठमाडौं | बिहीवार, २१ चैत २०८१ | Thursday, 3 April 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

नेपालका सडकमा दिपलका ८ सय गाडी २

एनएसएलका हरेक गोलमा एनसेलको २५ शैक्षिक सामग्री सहयोग ३

अर्थतन्त्रलाई दिगो र आत्मनिर्भर कसरी बनाउने ? ४

नेपाल र थाइल्यान्डबीच आठ समझदारी ८



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

# अवैध २५ करोड रुपैयाँको मालिक पत्ता लाग्यो

विजय दमासे

काठमाडौं

राजस्व अनुसन्धान विभागले यही चैत ४ गते जफत गरेको २५ करोड रुपैयाँको मालिक सिन्धुपाल्चोकका नारायण पौडेल रहेको निष्कर्ष निकालेको छ। थप अनुसन्धानका लागि प्रहरीमार्फत पक्राउ पुर्जी जारी गर्न विभागले सिफारिश गरेको छ र प्रहरीले अहिले उनको खोजीकार्य तीव्र पारेको छ ।

राजस्व अनुसन्धान विभागका महानिर्देशक चण्डीप्रसाद भट्टले सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-४ स्थायी घर भई टोखा नगरपालिका-१० बस्ने नारायण पौडेल २५ करोडको मालिक भएको पुष्टि भएकाले उनको नाममा पक्राउ पुर्जी जारी गर्न पत्र लेखिएको जानकारी दिए।

अभियानसँगको कुराकानीमा उनले भने, 'जफत गरिएको २५ करोडको मालिक पौडेल सुन तस्करीदेखि अनेकौं काण्डमा संलग्न विवादास्पद व्यक्ति रहेछन्, उनलाई पक्राउ गरेर थप अनुसन्धान गर्नुपर्नेछ ।' पौडेलको सम्पत्ति रोक्काका लागि समेत विभागले सम्बद्ध निकायलाई पत्राचार गरिसकेको भट्टले बताए ।

विभागले उनको काठमाडौंमा रहेको घरलगायत विभिन्न ठाउँमा खानतलासी पनि गरेको छ। त्यस क्रममा उनले सबै प्रमाण लुकाएको देखिएको छ । उनका अनुसार विदेशी विनिमय ऐनअनुसार यो विषयको अनुसन्धान गरिएको छ ।

कपडा किन्न भन्दै चीन हिंडेको ना



- सिन्धुपाल्चोकका नारायण पौडेल उक्त रकमको मालिक रहेको राजस्व अनुसन्धान विभागको भनाइ
- उनी विगतमा सुनदेखि रक्तचन्दन तस्करीलगायत कारोबारमा पटक-पटक तानिँदै आएका थिए
- पौडेलको सम्पत्ति रोक्काका लागि सम्बद्ध निकायमा पत्राचार
- २०७८ पुसमा नख्खु कारागारबाट कैदमुक्त भएका कुसाङ लामा यो घटनामा पक्राउ

७ ख १६५२ नम्बरको ट्रक र विदेशी मुद्रासहित गाडीधनीसमेत रहेका चालक कुसाङ लामालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले चैत ४ गते पक्राउ गरेर राजस्व अनुसन्धान विभागमा बुझाएको थियो । चालक बस्ने क्याबिनमाथिको बायाँतिर फल्स बटम बनाई भित्रपट्टि लुकाएर राखिएको अवस्थामा अमेरिकी र यूरो मुद्रा बरामद गरिएको थियो ।

अवैध यूरो तथा डलर रसुवागढी नाका हुँदै चीन लगिँदै छ भन्ने सूचनाका आधारमा ट्रकलाई राति ११ बजे टोखाको झोरबाट प्रहरीले नियन्त्रणमा लिएको थियो । चालक लामा अहिले पनि प्रहरीको निणन्त्रणमै छन्। गाडीका चालक लामा भरियामात्र रहेको र उक्त रकम पूर्णरूपमा पौडेलको भएको भट्टको भनाइ छ ।

प्रारम्भिक बयानमा लामाले आफूलाई दुई अपरिचित व्यक्तिले अमेरिकी डलर र यूरो रसुवागढी हुँदै केरुङ पुर्‍याइदिन आग्रह गरेको बताएका थिए । ५ वर्षअघि ७ किलो अवैध सुन तस्करीको आरोपमा पक्राउ परी २०७८ पुसमा नख्खु कारागारबाट कैदमुक्त भएका कुसाङ लामा यो घटनामा पक्राउ परेका एक मात्रै व्यक्ति हुन् ।

प्रहरीका अनुसार यसअघिको घटनामा उनीसहित चार जना पक्राउ परेका थिए । त्यतिबेला पनि उनी भरियाका रूपमा जोडिएको अनुसन्धानबाट देखिए पनि त्यो सुनको मालिक को थियो भन्ने खुलेको थिएन ।

नेपाल प्रहरीका अनुसार पौडेललाई पक्राउ गर्न पक्राउ पुर्जी जारी भइसकेको छ । सबैतिर नोटिस जारी गर्दै अनुसन्धानलाई तीव्र पारिएको प्रहरीले बताएको छ । '२५ करोडका मालिकलाई समात्न छिट्टै सफल हुनेछौं, सफलता नजिक प्रहरी पुगिसकेको छ,' एक उच्च प्रहरी अधिकारीले भने ।

### संघीय निजामती सेवासम्बन्धी विधेयक

# ट्रेड युनियन र कुलिङ पिरियडमा सहमति जुटाउन सकस

**अवकाशको उमेर ६० वर्ष बनाउनेमा सहमति छ तर ६० वर्ष उमेरको प्रावधान एकै पटकमा लागू गर्ने कि ५९ हुँदै ६० वर्ष पुर्‍याउने भन्ने प्रक्रियामा सहमति जुटेको छैन**

अभियान संवाददाता

काठमाडौं

संघीय निजामती सेवासम्बन्धी विधेयकमा ट्रेड युनियन र कर्मचारीको 'कुलिङ पिरियड' राख्ने/नराख्ने बारेमा सांसद्हरू बाँडिदा संसदीय समितिलाई सहमति जुटाउन सकस परेको छ। कुलिङ पिरियड भनेको कर्मचारी अवकाशमा गएपछि निश्चित समयसम्म अन्य संस्थामा काम गर्न नपाइने अवधि हो ।

निजामती सेवासम्बन्धी विधेयकलाई टुंग्याउन नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडू नेतृत्वको ११ सदस्यीय उपसमिति बनाइएको थियो । यो राज्य व्यवस्था तथा सुशासन समितिअन्तर्गतको उपसमिति हो ।

यो उपसमितिले विधेयकका अधिकांश विषय सुल्झाए पनि कर्मचारीको राजनीतिक दल आवद्ध ट्रेड युनियन राख्ने कि नराख्ने तथा अवकाशलगत्तै संवैधानिक नियुक्ति र परामर्शदाताको रूपमा काम गर्न निश्चित समय नपाउने (कुलिङ पिरियड) राख्ने कि नराख्ने भन्ने विषयमा सहमति जुटाउन सकेन ।

बडू नेतृत्वको उपसमितिले विधेयकको प्रतिवेदन बुधवार राज्य व्यवस्था तथा सुशासन समितिमा पेश गर्दै अवकाशलगत्तै संवैधानिक नियुक्ति र परामर्शदाताका रूपमा काम गर्न निश्चित समय नपाउने (कुलिङ पिरियड) प्रावधानमा थप छलफल गर्न मूल समितिलाई सिफारिश गरेको छ ।

संवैधानिक निकायमा नियुक्तिका लागि १ वर्ष र अन्य संस्थामा परामर्शदाताका रूपमा काम गर्न २ वर्ष कुलिङ पिरियड राख्न उपयुक्त हुने उपसमितिले प्रतिवेदनमा लेखेको छ ।

अवकाशको उमेर ६० वर्ष बनाउनेमा सहमति छ तर ६० वर्ष उमेरको प्रावधान एकै पटकमा लागू गर्ने कि ५९ हुँदै ६० वर्ष पुर्‍याउने भन्ने प्रक्रियामा सहमति जुटेको छैन । यस विषयमा पनि कुलिङ पिरियड हो । त्यसमा पनि हामी सहमतिमा पुग्न सक्छौं जस्तो देखेका छौं । यस विषयमा उठेका विभिन्न संगठनका मागसमेत सम्बोधन गर्ने प्रयत्न गरिएको छ । जेजति कुरामा सहमति भएको छ, त्यसले संघ, प्रदेश तथा स्थानीय तहका कर्मचारीका समस्या समाधान गर्नसक्छ भन्ने मलाई लाग्छ ।'

नेपाली कांग्रेसका सांसद हृदयराम थानीले विधेयकमा रहेका असहमति टुंग्याउन

**राज्य व्यवस्था तथा सुशासन समितिअन्तर्गतको उपसमिति संवैधानिक निकायमा नियुक्तिका लागि १ वर्ष र अन्य संस्थामा परामर्शदाताका रूपमा काम गर्न २ वर्ष कुलिङ पिरियड राख्न उपयुक्त हुने सुझाव ।**

मूल समितिमा थप छलफल गर्न सिफारिश गरिएको छ ।

उपसमितिका सदस्यसमेत रहेका एमाले सांसद रघुजी पन्तले विधेयकमा ट्रेड युनियन र कुलिङ पिरियडको विषयमा सहमति जुटाउन नसकिएको बताए । 'अहिले मुख्यतः विधेयकमा दुईओटा विषयमा असहमति हो जस्तो लाग्छ । एउटा ट्रेड युनियनको विषय हो । साथीहरूको ट्रेड युनियन नराखौं भन्ने धारणा पनि थियो । तर, सहमतिमा पुग्न सकिएन,' उनले भने, 'यस विषयमा अनौपचारिक बैठकहरूमा र माथिल्लो राजनीतिक तहमा पनि कुरा गर्नुपर्ने हुनसक्छ । अर्को, भनेको उपसमितिलाई जिम्मेवारी दिनुपर्नेमा सिंगो विधेयक नै दिँदा सहमति जुट्न नसकेको बताए । उनले विधेयकलाई छिटो पारित गर्नेगरी अघि बढ्नुपर्नेमा जोड दिए। 'विधेयकलाई छिटो टुंग्याउन उपसमिति बनायौं । पाँच जनाको असहमति आइरहेको छ । जेजे कुरामा असहमति छ त्यो कुरामा उपसमिति बनाएर छलफल गर्न दिनुपर्छ,' उनले भने । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले संघीय निजामती विधेयक छिटो टुंग्याउनुपर्ने बताए । उनले विधेयक टुंग्याउन समितिले गठन गरेको उपसमितिमा समेत मतभेद कायमै रहँदा विधेयक द्रुत गतिमा जान नसकेको बताए ।

# उखु उत्पादन किन घट्दै छ ?

**उखु अभावका कारण यस वर्ष क्रशिङको सिजन सकिनुअघि नै चिनी कारखानाहरू बन्द**

अभियान संवाददाता

काठमाडौं

देशभित्र उखु अभावका कारण यस वर्ष क्रशिङको सिजन सकिनुअघि नै चिनी कारखानाहरू बन्द गर्नुपरेको उद्योगीहरूले बताएका छन् ।

विगत वर्षहरूमा चिनी मिल सञ्चालकहरूले समयमै किसानलाई उखुको भुक्तानी नगरेकाले किसानहरूले उखुखेती गर्ने क्षेत्रफल घटाएका छन् । यसको असर उखु उत्पादनमा परेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अधिकारीले बताएका छन् ।

'उत्पादन घटेपछि अहिले उद्योगहरूमा समेत क्रशिङका लागि उखुको अभाव हुन थालेको छ,' चिनी उत्पादक संघका महासचिव राजकुमार अग्रवालले आर्थिक अभियानसँग भने, 'त्यसकारण यस वर्ष क्रशिङको सिजनअघि नै उद्योगहरू बन्द गर्नुपरेको छ ।'

सामान्यतया उद्योगहरूले मङ्सिरदेखि वैशाखसम्मै क्रशिङ गर्ने भए पनि यसपटक फागुनमै उद्योगहरू बन्द भएको उनको भनाइ छ । मन्त्रालयको तथ्यांकअनुसार विगत केही वर्षयता उखु उत्पादन घट्दै गएको पाइएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकअनुसार पछिल्लो ४ वर्षमा उखुखेती हुने जमीनको क्षेत्रफल र उत्पादन घटेको देखिएको हो । किसानले लागतअनुसारको मूल्य नपाउनु र भुक्तानीको समस्या जस्ता कारणले उत्पादन घटेको मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

| आर्थिक वर्ष | क्षेत्रफल (हेक्टर) | उत्पादन मेट्रिक टन |
|---|---|---|
| २०७६/७७ | ६८,५६५ | ३,४००,१७६ |
| २०७७/७८ | ६४,३५४ | ३,१८३,९४३ |
| २०७८/७९ | ६२,५६७ | ३,१५९,६३४ |
| २०७९/८० | ६२,८८३ | ३,१३०,१०९ |
| २०८०/८१ | ६२,२२५ | ३,११०,०९२ |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय*


मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष (आव) २०७६/७७ मा नेपालमा ६८ हजार ५६५ हेक्टर जमीनमा ३४ लाख १७६ मेट्रिक टन उखु उत्पादन भएको थियो । आव २०८०/८१ सम्म आइपुग्दा उखुखेती हुने जमीनको क्षेत्रफल ६ हजार ३४० हेक्टरले घटेर ६२ हजार २२५ हेक्टरमा सीमित भएको छ ।


त्यसैगरी उत्पादन पनि २ लाख ९० हजार ८४ मेट्रिक टनले घटेर ३४ लाख १७६ मेट्रिक टनबाट ३१ लाख १० हजार ९२ मेट्रिक टनमा सीमित भएको छ ।


नेपाल उखु उत्पादक संघका केन्द्रीय अध्यक्ष कपिलमुनि मैनालीले नेपालमा उखु उत्पादन निरन्तर रूपमा घटेको बताए । उनका अनुसार उत्पादन निरन्तर ओरालो लाग्नुमा भुक्तानी समस्या र उत्पादन लागतअनुसार मूल्य नतोकिनु नै प्रमुख कारण हो ।

'विगतका वर्षहरूमा किसानले उद्योगीलाई उधारोमा बेचेको उखुको भुक्तानी पाउन हरेक वर्ष काठमाडौंको माइतीघर धाउनुपर्ने अवस्था आयो । त्यसपछि किसानहरूले विकल्प खोज्न थालेका हुन्,' उनले आर्थिक अभियानसँग भने । '४/५ वर्ष अघिसम्म सयौं हेक्टर जमीनमा उखुखेती गरिरहेका किसान यतिबेला धान वा गहुँखेतीतर्फ लागेका छन् । लागत अनुसार समर्थन मूल्य नतोकिँदा नाफा नहुने भएपछि किसानहरूले विकल्प खोजिरहेका छन् ।'

» बाँकी पृष्ठ ५ मा




# विनोद चौधरीको सम्पत्ति २ खर्ब ७४ अर्ब

**नेपालका एक्ला अर्बपतिको सम्पत्ति १ वर्षमा २७ अर्ब ४१ करोड रुपैयाँले बढ्यो**

अभियान संवाददाता

काठमाडौं

उद्योगपति तथा प्रतिनिधिसभामा नेपाली कांग्रेसका सांसद विनोद चौधरीको सम्पत्ति सन् २०२५ मा २ अर्ब डलर (२ खर्ब ७४ अर्ब रुपैयाँभन्दा बढी) पुगेको छ ।

वार्षिक रूपमा विश्वका धनीहरूको सूची निकाल्दै आएको फोर्ब्स पत्रिकाको अनलाइन संस्करणका अनुसार उनको सम्पत्ति सन् २०२४ को तुलनामा सन् २०२५ मा २० करोड डलर अर्थात् २७ अर्ब ४१ करोड रुपैयाँले बढेर २ खर्ब

कुन वर्षमा कति सम्पत्ति ?

| वर्ष (सन्) | सम्पत्ति (डलर) |
|---|---|
| २०२० | १.४ अर्ब |
| २०२१ | १.४ अर्ब |
| २०२२ | १.५ अर्ब |
| २०२३ | १.८ अर्ब |
| २०२४ | १.८ अर्ब |
| २०२५ | २.० अर्ब |

स्रोतः फोर्ब्स म्यागेजिन

डलर पुगेको हो ।

सन् २०२० र २०२१ मा १ अर्ब ४० करोड डलर सम्पत्ति रहेको चौधरीको सम्पत्ति त्यसपछि प्रत्येक वर्ष बढेको फोर्ब्सले उल्लेख गरेको छ । विश्वका अर्बपतिको सूचीमा



उनी १ हजार ७६३ औं नम्बरमा छन् । ६९ वर्षका चौधरी सिजी कर्प ग्लोबलका मालिक हुन् । प्रख्यात चाउचाउ वाईवाई उत्पादक सिजी फुड्स चौधरी ग्रुपअन्तर्गतको कम्पनी हो भने नबिल बैंकमा पनि निर्णायक स्वामित्व रहेको छ ।

» बाँकी पृष्ठ ५ मा

### इलन मस्क सबैभन्दा धनी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनमा डिपार्टमेन्ट अफ गभर्मेन्ट इफिसियन्सीको प्रमुख भएर अमेरिकी प्रशासन संयन्त्रमा खलबली मच्चाइरहेका इलन मस्क संसारकै सबैभन्दा धनी व्यक्ति ठहरिएका छन् । वार्षिक रूपमा विश्वका धनीहरूको सूची निकाल्दै आएको फोर्ब्स पत्रिकाको अनलाइन संस्करणका अनुसार सन् २०२५ मा उनको अनुमानित सम्पत्ति ३ खर्ब ४२ अर्ब डलर बराबरको छ जसले उनलाई विश्वकै सबैभन्दा धनी व्यक्ति बनाएको छ ।

» बाँकी पृष्ठ ५ मा



**Upper Tamakoshi Hydropower Limited**
**Upper Tamakoshi Hydropower Plant**

UTKHPL

## Invitation for Bids

**Date of Publication: 2025.04.03 (21 Chaitra 2081)**

Upper Tamakoshi Hydropower Limited (UTKHPL), Upper Tamakoshi Hydropower Plant (UTKHPP) invites electronic bids from eligible bidders for the procurement of Works under National competitive Bidding (NCB).

| S N | Contract Reference No. | Name of Contract | Last date of Bid Submission | Cost of Bid Documents (NRs) | Bid Security (NRs) |
|---|---|---|---|---|---|
| 1. | River Training Works at Tailrace Outlet and Takeoff Yard Area of UTKHPP at Gongar, Dolakha | Contract Identification No.: UTKHPP/CW/NCB/05-2081/82 | 4th May 2025 12:00 Noon | 5,000.00 | 4,64,000.00 |
| 2. | Construction of River Training Works of UTKHPP at Tamakoshi River, Lamabagar, Dolakha | Contract Identification No.: UTKHPP/CW/NCB/06-2081/82 | 4th May 2025 12:00 Noon | 5,000.00 | 5,00,000.00 |

Eligible Bidders may obtain further information and inspect the bidding documents at the office below or PPMO website: www.bolpatra.gov.np/egp.

**Address**
**Upper Tamakoshi Hydropower Limited (UTKHPL)**
**Upper Tamakoshi Hydropower Plant UTKHPP)**
**Bishnudhan Niwas, Annapurna Marga, Gyaneshwor, Kathmandu, Nepal**
**Tel: +977-1-4520295, 4520658**
**Email: office@utkhpl.org.np,www.tamakoshihydro.org.np**



## सिद्धार्थ बैंकका ग्राहकलाई क्यापिटल हस्पिटलमा छूट

काठमाडौं (अस) । सिद्धार्थ बैंक र क्यापिटल हस्पिटल प्रालिबीच बैंकका ग्राहकलाई विभिन्न सेवामा छूट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ। सम्झौताअनुसार बैंकका ग्राहकले काठमाडौंको पुतलीसडकस्थित क्यापिटल हस्पिटलमा बैंकको कार्ड तथा मोबाइल बैंकिङ सेवाबाट भुक्तानी गर्दा २० प्रतिशतसम्म छूट प्राप्त गर्न सक्नेछन् । यस सम्झौताले ग्राहकलाई




छूटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकको छ। यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको चौबिसै घण्टा खुला रहने ग्राहक सेवा केन्द्र 'सिद्धार्थ केयर'मा सम्पर्क गर्न सकिने बताइएको छ। बैंकले डिजिटल भुक्तानीको प्रयोग बढाउन र ग्राहकलाई डिजिल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न केही समयअघि 'सिद्धार्थ रिवार्ड्स' नामक लोयल्टी सेवा पनि सञ्चालनमा ल्याएको छ ।

## नेपालका सडकमा दिपलका ८ सय गाडी



काठमाडौं (अस) । विद्युतीय गाडी (ईभी) ब्रान्ड दिपलका ईभी नेपालमा सार्वजनिक गरेको एक वर्षमै ८ सयभन्दा बढी विक्री भएको बताइएको छ । एमएडब्ल्यू वृद्धि अटोकर्पले दिपललाई 'इलेक्ट्रिक मोबिलिटी र इनोभेसन'मा आफूलाई स्थापित गरेको बताएको छ ।

पहिलो वर्ष दिपलले दिपल एस०७, दिपल एल०७, दिपल एस०७ एल र दिपल ई०७ गरी चार ईभी मोडेल सार्वजनिक गरेको थियो । यी ईभीमा उपलब्ध जेस्चर कन्ट्रोल, एआर-एचयुडी, सनफ्लावर टचस्क्रिन जस्ता १० भन्दा बढी 'इन्डस्ट्री फर्स्ट' फिचरको माध्यमबाट दिपलले ग्राहकको अपेक्षालाई पुनःपरिभाषित गरेको कम्पनीको दाबी छ । एमएडब्ल्यू वृद्धिले हाल नेपालका ९६ भन्दा बढी स्थानमा चार्जिङ स्टेशन सञ्चालनमा ल्याएको बताइएको छ । यसअवधिमा दिपलले नेपाली क्रिकेटका पूर्व कप्तान पारस खड्कालाई आफ्नो आधिकारिक 'ब्रान्ड एम्बास्डर' बनाएको छ भने नीति शाह, सन्दिप क्षेत्री, प्रतिश जिसी, सुशान्त केसी, स्वेता खड्का, जोन चाम्लिङ राई जस्ता ३० जना चर्चित सेलिब्रिटी र खेलाडीले दिपल प्रयोग गर्दै आएको बताइएको छ ।

साथै दिपलले क्रिकेट लेजेन्ड ब्रायन लारा र बलिउड गायक सोनु निगम जस्ता हस्तीलाई पनि नेपालमा ल्याएर ब्रान्डको उपस्थितिलाई माथि पुर्‍याउनुका साथै नेपाल पनि अन्तरराष्ट्रिय सहकार्यका लागि गन्तव्य हुन सक्छ भन्ने देखाएको बताइएको छ । सार्वजनिक भएको पहिलो वर्षमा एमएडब्ल्यू वृद्धिले चांगान अटोबाट नेपालमा 'इभी इनोभेसन'मार्फत 'ग्रिन मोबिलिटी'मा योगदान पुर्‍याएको भन्दै 'सांग्रिला न्यू इनर्जी अवार्ड' पाएको थियो । यसबाहेक 'टेकलेख'ले दिपल एस०७ लाई 'एसयुभी अफ द इयर २०२४' देखि सम्मान गरेको बताइएको छ ।

# नेपाल एसबिआई बैंक लिमिटेड
# NEPAL SBI BANK LTD.

THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

**नेपाल एसबिआई बैंक लिमिटेड**
**प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, नेपाल**
**पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३**
**SWIFT : NSBINPKA**

## धितो सूरक्षणमा रहेको चल/अचल सम्पत्तिहरूको गोप्य शिलबन्दीद्वारा लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति २०८१/१२/२१ गते

यस बैंकको विभिन्न शाखाहरुबाट ऋण/कर्जा लिनु हुने तपसिलको ऋणीहरुले लिएको ऋण/कर्जाको साँवा, ब्याज र अन्य दैदस्तुर बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा बैंकलाई तिर्न बुझाउन लिखित एवं मौखिक तरताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिका मार्फत ऋण/कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी बैंकलाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

बैंकको कर्जा सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लेखित सम्पत्ति (चल/अचल) लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । तोकिएको समयभित्र बैंक समक्ष प्राप्त बोलपत्रहरु मिति २०८२/०१/३० गते, दिनको ३:०० बजे बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौंमा खोलिनेछ कथम कदापि उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट बोलपत्रहरु खोलिनेछ । उक्त दिन र समयमा उपस्थित हुनुहुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण वापत बैंकको नाममा घर/जग्गा धितोबन्धक पारित गरिदिनुहुने धितो धनी तथा ऋण कर्जाको जमानी दिनु हुने तपसिलका उल्लेखित व्यक्तिहरु लगायत ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि सूचना प्रकाशित गरिएको जानकारी गराउँदछौं । बोलपत्र फारम यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं तथा शाखा कार्यालयहरुबाट रु. १०००.०० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा सम्बन्धित शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।

### तपसिल

### शाखा कार्यालय : हरिवन, सर्लाही

**१. कर्जा शिर्षक : सहुलियतपूर्ण कर्जा अन्तर्गत व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा**

**ऋणी**

**नाम : सावित्री कृषि फर्म**
दर्ता नं. ८१७४/०७६/०७७, दर्ता मिति : २०७६/०८/०९
रजिष्टर्ड ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८, **प्रोप्राईटर : सावित्री महत्तरा**

**जमानतकर्ताहरू :**

**१. नाम : अकल भन्ने झलक बहादुर थापा**
ना.प्र.नं. ०३०६७१८१८, जि.प्र.का. सर्लाही
जारी मिति : २०४४/१२/२३ मा जारी भई मिति २०७२/०६/२१ मा प्रथम प्रतिलिपी जारी
बाबुको नाम : पदम बहादुर थापा
बाजेको नाम : गुमान ध्वज थापा
स्थायी ठेगाना : सर्लाही जिल्ला, अत्रौली गा.वि.स. वडा नं. २
हालको ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८

**२. नाम : सर्मिला थापा**
ना.प्र.नं. १९-०२-७३-०३३३९, जि.प्र.का. सर्लाही
जारी मिति : २०७३/०७/१२
बाबुको नाम : अकल भन्ने झलक बहादुर थापा
बाजेको नाम : पदम बहादुर थापा
ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८

**३. नाम : सावित्री महत्तरा**
ना.प्र.नं. २०३०२९/६८, जि.प्र.का. सिन्धुली
जारी मिति : २०६३/११/१९
पतिको नाम : अकल भन्ने झलक बहादुर थापा
ससुराको नाम : पदम बहादुर थापा
स्थायी ठेगाना : सिन्धुली जिल्ला, कल्पवृक्ष गा.वि.स./उ.म.न.पा. वडा नं. ४
हालको ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८

**४. नाम : ओम प्रकास थापा**
ना.प्र.नं. १९/२०८९/१२१९, जि.प्र.का. सर्लाही
जारी मिति : २०६८/०४/०४
बाबुको नाम : अकल भन्ने झलक बहादुर थापा
बाजेको नाम : पदम बहादुर थापा
स्थायी ठेगाना : सर्लाही जिल्ला, हरिवन गा.वि.स./उ.म.न.पा. वडा नं. २
हालको ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८

**२. कर्जा शिर्षक : अधिविकर्ष कर्जा**

**ऋणी : अकल भन्ने झलक बहादुर थापा र सर्मिला थापा**

**जमानतकर्ताहरू :**

**१. नाम : अकल भन्ने झलक बहादुर थापा**
ना.प्र.नं. ०३०६७१८१८, जि.प्र.का. सर्लाही
जारी मिति : २०४४/१२/२३ मा जारी भई मिति २०७२/०६/२१ मा प्रथम प्रतिलिपी जारी
बाबुको नाम : पदम बहादुर थापा
बाजेको नाम : गुमान ध्वज थापा
स्थायी ठेगाना : सर्लाही जिल्ला, अत्रौली गा.वि.स. वडा नं. २
हालको ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८

**२. नाम : सर्मिला थापा**
ना.प्र.नं. १९-०२-७३-०३३३९, जि.प्र.का. सर्लाही
जारी मिति : २०७३/०७/१२
बाबुको नाम : अकल भन्ने झलक बहादुर थापा
बाजेको नाम : पदम बहादुर थापा
ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८

**३. नाम : सावित्री महत्तरा**
ना.प्र.नं. २०३०२९/६८, जि.प्र.का. सिन्धुली
जारी मिति : २०६३/११/१९
पतिको नाम : अकल भन्ने झलक बहादुर थापा
ससुराको नाम : पदम बहादुर थापा
स्थायी ठेगाना : सिन्धुली जिल्ला, कल्पवृक्ष गा.वि.स./उ.म.न.पा. वडा नं. ४
हालको ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८

**४. नाम : ओम प्रकास थापा**
ना.प्र.नं. १९/२०८९/१२१९, जि.प्र.का. सर्लाही
जारी मिति : २०६८/०४/०४
बाबुको नाम : अकल भन्ने झलक बहादुर थापा
बाजेको नाम : पदम बहादुर थापा
स्थायी ठेगाना : सर्लाही जिल्ला, हरिवन गा.वि.स./उ.म.न.पा. वडा नं. २
हालको ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८

**धितोको विवरण :**

**जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेश, जिल्ला : सर्लाही**

| न.पा./गा.वि.स./गा.पा. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (विघा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| अत्रौली | हरिवन | २ | ४ | अकल भन्ने झलक बहादुर थापा/सर्मिला थापा | ३६५ | ०-०-१९-८ | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |
| | | | | | १९१ | ०-६-१४-० | |

१. माथि उल्लेखित धितो सम्पत्ति कित्ता नं. ३६५ ऋणी सावित्री कृषि फर्मले लिएको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जाका लागि मालपोत कार्यालय हरिवन, सर्लाहीमा रोक्का भइ ऋणी अकल भन्ने झलक बहादुर थापा/सर्मिला थापाले लिएको अधिविकर्ष कर्जाका लागि समेत धितोबन्धक कायम रहेको ।
२. माथि उल्लेखित धितो सम्पत्ति कित्ता नं. १९१ ऋणीहरु अकल भन्ने झलक बहादुर थापा/सर्मिला थापाले लिएको अधिविकर्ष कर्जाका लागि मालपोत कार्यालय हरिवन, सर्लाहीमा रोक्का भइ ऋणी सावित्री कृषि फर्मले लिएको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जाका लागि समेत धितोबन्धक कायम रहेको ।
३. सावित्री कृषि फर्मको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति ।

### शाखा कार्यालय : दमौली, तनहुँ

**कर्जा शिर्षक : सहुलियतपूर्ण कर्जा अन्तर्गत महिला उद्यमशील कर्जा**

**ऋणी**

**नाम : आशिक जिन्स टेलर्स**
दर्ता नं. ६९९४/०७५/०७६, दर्ता मिति : २०७५/०६/०४
रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं. १, **प्रोप्राईटर : कोपिला नेपाली**

**जमानतकर्ताहरू**

**१. नाम : कोपिला नेपाली**
ना.प्र.नं. ४३१००१/१३२४, जि.प्र.का. तनहुँ
जारी मिति : २०६८/०६/२९ मा जारी भई मिति २०७७/०५/२३ मा प्रथम प्रतिलिपि जारी
पतिको नाम : वाल कुमार नेपाली, ससुराको नाम : बुद्धिमान नेपाली
ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १

**२. नाम : वाल कुमार नेपाली**
ना.प्र.नं. २९९५७, जि.प्र.का. तनहुँ
जारी मिति : २०५५/०३/०७
बाबुको नाम : बुद्धिमान नेपाली
बाजेको नाम : चामे नेपाली
ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १

**३. नाम : शोभा नेपाली**
ना.प्र.नं. ८४०१३, जि.प्र.का. तनहुँ, जारी मिति : २०६२/०६/२१
पतिको नाम : बुद्धिमान नेपाली, ससुराको नाम : चामे नेपाली
ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १

**धितोको विवरण:**

**जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : गण्डकी, जिल्ला : तनहुँ**

| न.पा./गा.वि.स./गा.पा. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (रोपनी) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| कर्लुङ्ग | व्यास | ६ ग | १ | शोभा नेपाली | १००३ | ०-१२-१-१ | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |

आशिक जिन्स टेलर्सको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति ।

### शाखा कार्यालय : भैंसेपाटी, ललितपुर

**कर्जा शिर्षक : क्यास क्रेडिट (एम.एस.एम.ई.) तथा बैंक जमानत कर्जा**

**ऋणी**

**नाम : एस. एस. एभरेष्ट एग्रीकल्चर मल्टिपर्पोज प्रा.लि.**
(साविकको एस.एस. एभरेष्ट फेसन इन्डष्ट्रिज प्रा.लि. को मिति २०७९/०९/०४ मा नाम परिवर्तन भएको)
दर्ता नं. २७३५६२/०७८/०७९, दर्ता मिति : २०७८/०६/१२
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. २, **संचालक/प्रमोटर : सागर सिंह खवास**

**जमानतकर्ताहरू**

**१. नाम : सागर सिंह खवास**
ना.प्र.नं. ३/१०५५०, जि.प्र.का. रुपन्देही
जारी मिति : २०५७/०२/१८ मा जारी भई मिति २०७२/०४/१३ मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : दुबर नाथ सिंह
बाजेको नाम : सांची राम खवास
स्थायी ठेगाना : रुपन्देही जिल्ला, अमवा गा.वि.स./उ.म.न.पा. वडा नं. ४
हालको ठेगाना : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. २

**२. नाम : चित्राङदा खवास**
ना.प्र.नं. १०६०१, जि.प्र.का. रुपन्देही
जारी मिति : २०७७/०३/१२
पतिको नाम : सागर सिंह खवास
ससुराको नाम : दुबर नाथ सिंह
स्थायी ठेगाना : रुपन्देही जिल्ला, अमवा गा.वि.स वडा नं. ४
हालको ठेगाना : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. २

**३. नाम : दुवर नाथ सिंह**
ना.प्र.नं. ४८१९३, जि.प्र.का. रुपन्देही
जारी मिति : २०३६/०८/२८ मा जारी भई मिति २०७२/०८/२७ मा दोस्रो प्रतिलिपि जारी
बाबुको नाम : सांची राम खवास, बाजेको नाम : धन राज खवास
स्थायी ठेगाना : रुपन्देही जिल्ला, अमवा गा.वि.स./उ.म.न.पा. वडा नं. २
हालको ठेगाना : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. २

**धितोको विवरण**

**जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : लुम्बिनी, जिल्ला : रुपन्देही**

| न.पा./गा.वि.स./गा.पा. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (विघा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| आ.अमवा | सियारी | ४ | ७ | दुवर नाथ सिंह | ११८६ | ०-०-१८-० | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

एस. एस. एभरेष्ट एग्रीकल्चर मल्टिपर्पोज प्रा.लि. को नाममा हाईपोथिकेसन गरिदिएको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पति ।

### शाखा कार्यालय : हाकिमचोक, चितवन

**कर्जा शिर्षक : सहुलियतपूर्ण कर्जा अन्तर्गत महिला उद्यमशील कर्जा**

**ऋणी**

**नाम : आर्जु खाजा घर**
प्रमाण पत्र नं. १६-०६-०४४९ (१६/५१५), दर्ता मिति : २०७७/०४/२२
रजिष्टर्ड ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १६, **प्रोप्राईटर : कल्पना थापा पोखरेल**

**जमानतकर्ताहरू**

**१. नाम : कल्पना थापा पोखरेल**
ना.प्र.नं. ५५, जि.प्र.का. चितवन
जारी मिति : २०६१/१२/२९ मा जारी भई मिति २०७२/०२/१८ मा प्रथम प्रतिलिपि जारी
पतिको नाम : अमृत पोखरेल
ससुराको नाम : तिर्थराज पोखरेल
स्थायी ठेगाना : चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. १७
हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १६

**२. नाम : अमृत पोखरेल**
ना.प्र.नं. १८२/०४४, जि.प्र.का. चितवन
जारी मिति : २०५८/०६/२३
बाबुको नाम : तिर्थराज पोखरेल
बाजेको नाम : कमली कान्त पोखरेल
स्थायी ठेगाना : चितवन जिल्ला, मंगलपुर उ.म.न.पा./गा.वि.स. वडा नं. ९
हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १६

**धितोको विवरण**

**जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : बागमती, जिल्ला : चितवन**

| न.पा./गा.वि.स./गा.पा. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (विघा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| मंगलपुर | भरतपुर | ९ | १६ | अमृत पोखरेल | ४७२ | ०-१-८-० | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |

आर्जु खाजा घरको मालसमानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति ।

### शाखा कार्यालय : म्याङलुङ, तेह्रथुम

**कर्जा शिर्षक : १. सहुलियतपूर्ण कर्जा अन्तर्गत महिला उद्यमशील कर्जा २. विपन्न कर्जा**

**ऋणी : देवी आचार्य**

**जमानतकर्ताहरू**

**१. नाम : देवी आचार्य**
ना.प्र.नं. ०८३०१०-२५०, जि.प्र.का. तेह्रथुम
जारी मिति : २०६३/१०/१२ मा जारी भई मिति २०७६/०२/१६ मा प्रथम प्रतिलिपि जारी
पतिको नाम : चन्द्र प्रसाद आचार्य
ससुराको नाम : बसन्त आचार्य
स्थायी ठेगाना : तेह्रथुम जिल्ला, सोल्मा गा.वि.स. वडा नं. १
हालको ठेगाना : तेह्रथुम जिल्ला, लालीगुराँस न.पा. वडा नं. ८

**२. नाम : चन्द्र प्रसाद आचार्य**
ना.प्र.नं. ३०२६४-७८७, जि.प्र.का. तेह्रथुम
जारी मिति : २०५५/१०/०३ मा जारी भई मिति २०७२/०२/२४ मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : बसन्त आचार्य
बाजेको नाम : गंगा धर आचार्य
स्थायी ठेगाना : तेह्रथुम जिल्ला, सोल्मा गा.वि.स. वडा नं. १
हालको ठेगाना : तेह्रथुम जिल्ला, लालीगुराँस न.पा. वडा नं. ८

**धितोको विवरण**

**जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : कोशी, जिल्ला : तेह्रथुम**

| न.पा./गा.वि.स./गा.पा. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (रोपनी) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| सोल्मा | लालीगुराँस | १ | ८ | चन्द्र प्रसाद आचार्य | १७१ | ३-१४-२-० | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |
| | | | | | ३५४ | ४-०-०-० | |

माथि उल्लेखित धितो सम्पत्ति ऋणी देवी आचार्यले लिएको विपन्न कर्जा वापत मालपोत कार्यालय तेह्रथुममा रोक्का भई देवी आचार्यले लिएको सहुलीयतपूर्ण कर्जा अन्तर्गत महिला उद्यमशिल कर्जाको लागि समेत धितो बन्धक कायम भएको ।

### शाखा कार्यालय : लहान, सिरहा

**१. कर्जा शिर्षक : अधिविकर्ष कर्जा**

**ऋणीहरु : नेपुर वती यादव, देव नरायण यादव, सुरेन्द्र यादव र रुवी कुमारी यादव**

**जमानतकर्ताहरू**

**१. नाम : नेपुर वती यादव**
ना.प्र.नं. ६५४०१६६७, जि.का. सिराहा
जारी मिति : २०४६/०२/३२
पतिको नाम : देव नारायण यादव
ससुराको नाम : दर्पि यादव
स्थायी ठेगाना : सिराहा जिल्ला, नहरारिगौल गाउँपंचायत वडा नं. ३
हालको ठेगाना : सिराहा जिल्ला, भगवानपुर गा.पा. वडा नं. २

**२. नाम : देव नारायण यादव**
ना.प्र.नं. ६५४००४४९ स.सि.१५५५, जि.का. सिराहा
जारी मिति : २०४५/०१/१२
बाबुको नाम : दर्पि यादव
बाजेको नाम : सुनर यादव
स्थायी ठेगाना : सिराहा जिल्ला, नहरारिगौल नगर/गाउँ पंचायत वडा नं. ३
हालको ठेगाना : सिराहा जिल्ला, भगवानपुर गा.पा. वडा नं. २

**३. नाम : सुरेन्द्र यादव**
ना.प्र.नं. छु.ना.वा. १२९ स.सि.ल. १४९२, जि.प्र.का. सिराहा
जारी मिति : २०५६/०८/०१ मा जारी भई मिति २०६८/०९/२६ मा प्रतिलिपि जारी
बाबुको नाम : देव नारायण यादव
बाजेको नाम : दर्पि यादव
स्थायी ठेगाना : सिरहा जिल्ला, नहडारिगौल गा.वि.स. वडा नं. ३
हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३

**४. नाम : रुवी कुमारी यादव**
ना.प्र.नं. १५२०१६/६३८
इ.प्र.का. लहान, जि.प्र.का. सिराहा
जारी मिति : २०६८/१०/११
पतिको नाम : सुरेन्द्र यादव
ससुराको नाम : देव नारायण यादव
स्थायी ठेगाना : सिराहा जिल्ला, नहरारिगौल गा.वि.स./उ.म.न.पा. वडा नं. ३
हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३

**२. कर्जा शिर्षक : १. चालु पूँजी (एस.एम.ई.) कर्जा, २. बैंक जमानत, ३. आवधिक कर्जा**

**ऋणी**

**नाम : एन एस अटो मोवाईल्स**
दर्ता नं. सा.फ.र.नं. ९६१५/२०७५/०७६, स्थानिय व्यापार, दर्ता मिति : २०७५/१०/२७
रजिष्टर्ड ठेगाना : सिराहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ११
**साझेदारहरु : सुरेन्द्र यादव तथा नैन कुमारी**

**जमानतकर्ताहरू**

**१. नाम : सुरेन्द्र यादव**
ना.प्र.नं. छु.ना.वा. १२९ स.सि.ल. १४९२, जि.प्र.का. सिराहा
जारी मिति : २०५६/०८/०१ मा जारी भई मिति २०६८/०९/२६ मा प्रतिलिपि जारी
बाबुको नाम : देव नारायण यादव
बाजेको नाम : दर्पि यादव
स्थायी ठेगाना : सिराहा जिल्ला, नहडारिगौल गा.वि.स. वडा नं. ३
हालको ठेगाना : सिराहा जिल्ला, लहान न.पा. वडा नं. ३

**२. नाम : नैन कुमारी**
ना.प्र.नं. ना.वा. १५८८ स.सि.न. २२९२, जि.का. सिराहा
जारी मिति : २०४५/०१/२७
पतिको नाम : चन्देश्वर यादव
ससुराको नाम : महन्थी यादव
स्थायी ठेगाना : सिराहा जिल्ला, नहडारिगौल नगर/गाउँ पंचायत वडा नं. ५
हालको ठेगाना : सिराहा जिल्ला, भगवानपुर गा.पा. वडा नं. २

**३. नाम : महन्थी यादव**
ना.प्र.नं. ६५४०८२३
सगरमाथा अन्चलाधिश कार्यालय, राजविराज
जारी मिति : २०२६/०१/१८
बाबुको नाम : जनक यादव, बाजेको नाम : बेचन यादव
स्थायी ठेगाना : सिराहा जिल्ला, नहरारिगौल गा.वि.स. वडा नं. ५
हालको ठेगाना : सिराहा जिल्ला, भगवानपुर गा.पा. वडा नं. २

**४. नाम : रुवी कुमारी यादव**
ना.प्र.नं. १५२०१६/६३८, जि.प्र.का. सिराहा, इ.प्र.का. लाहान
जारी मिति : २०६८/१०/११
पतिको नाम : सुरेन्द्र यादव
ससुराको नाम : देव नारायण यादव
स्थायी ठेगाना : सिराहा जिल्ला, नहरारिगौल गा.वि.स./उ.म.न.पा. वडा नं. ३
हालको ठेगाना : सिराहा जिल्ला, लहान न.पा. वडा नं. ३

**५. नाम : नेपुर वति यादव**
ना.प्र.नं. ६५४०१६६७, १८५/७, जि.का. सिराहा
जारी मिति : २०४६/०२/३२
पतिको नाम : देव नारायण यादव
ससुराको नाम : दर्पि यादव
स्थायी ठेगाना : सिराहा जिल्ला, नहडारिगौल गाउँ पंचायत वडा नं. ३
हालको ठेगाना : सिराहा जिल्ला, भगवानपुर गा.पा. वडा नं. २

**६. नाम : देव नारायण यादव**
ना.प्र.नं. ६५४००४४९ स.सि. १५५५, जि.का. सिराहा
जारी मिति : २०४५/०१/१२
बाबुको नाम : दर्पि यादव
बाजेको नाम : सुनर यादव
स्थायी ठेगाना : सिराहा जिल्ला, नहरारिगौल नगर/गाउँ पंचायत वडा नं. ३
हालको ठेगाना : सिराहा जिल्ला, भगवानपुर गा.पा. वडा नं. २

**धितोको विवरण**

**जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेश, जिल्ला : सिराहा**

| न.पा./गा.वि.स./गा.पा. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (विगाहा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| लहान बजार | लहान | ८ | ३ | नेपुर वति यादव | १७४१ | ०-०-७१/२ | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |
| नहरारीगौल | भगवानपुर | ६ | २ | महन्थी यादव | २७७ | ०-७-८-० | |
| लहान बजार | लहान | ९ | ३ | रुवी कुमारी यादव | १३०० | ०-०-९.२५-० | |

एन एस अटो मोवाईल्सको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति ।
माथि उल्लेखित धितो सम्पत्ति मध्ये कित्ता नं. १७४१ र १३०० एन एस अटो मोवाईल्सले लिएको विभिन्न कर्जाको लागि मालपोत कार्यालय सिरहामा धितोबन्धक भई नेपुर वति यादव/सुरेन्द्र यादव/रुवी कुमारी यादव/देव नारायण यादवले लिएको अधिविकर्ष कर्जाको लागि समेत धितोबन्धक कायम रहेको ।

**सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं.**
**लहान, सिरहा ०३३-५६३२२९, भैंसेपाटी, ललितपुर ०१-५५९३०३१**
**हरिवन, सर्लाही ०४६-५३००५७, हाकिमचोक, चितवन ०५६-५९०१९०**
**म्याङलुङ, तेह्रथुम ०२६-४६०७४३, दमौली, तनहुँ ०६५-५६१२५२**

# एनएसएलका हरेक गोलमा एनसेलको २५ शैक्षिक सामग्री सहयोग

काठमाडौं (अस) । एनसेल फाउन्डेसनले एनसेल नेपाल सुपर लिग (एनएसएल) सिजन ३ को अवसरमा सिजनभर गरिने प्रत्येक गोल बराबर २५ शैक्षिक सामग्री वितरण गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । यो पहल विषेशगरी देशका दुर्गम क्षेत्रमा रहेका विद्यालयमा अध्ययनरत विद्यार्थीको स्रोतको अभावलाई घटाउँदै गुणस्तरीय शिक्षाका लागि योगदान पुऱ्याउने फाउन्डेसनले जानकारी दिएको छ ।



मंगलवारसम्म खेलिएका खेल र तीनका नतीजाअनुसार फाउन्डेसनले ११ गोलबापत २७५ शैक्षिक सामग्री वितरण गर्ने सुनिश्चित भइसकेको बताइएको छ । यसरी वितरण हुने सामग्रीमा झोला, कापी, सिसाकलम, सार्पनर, इरेजर जस्ता आवश्यक शैक्षिक सामग्री समावेश हुन्छन् । यसले स्रोतसाधन अभाव भएका समुदायका विद्यार्थीलाई उनीहरूको सिकाइ अनुभव सुधार गर्न योगदान पुऱ्याउने विश्वास एनसेलको छ ।

'हाम्रा समुदायको सम्बन्ध फुटबलसँग गहिरो छ र यो पहलले फुटबलको उत्साहलाई विद्यार्थीको उज्ज्वल भविष्यका लागि अर्थपूर्ण शैक्षिक सहयोगमा रूपान्तरण गर्ने उद्देश्य राखेको छ,' एनसेलकी एनसेल फाउन्डेसन एन्ड स्पेशल प्रोजेक्ट डाइरेक्टर विषाखा लक्ष्मी खड्काले भनिन् । यसअघि नेपाल प्रिमियर लिग (एनपीएल) का दौरान, फाउन्डेसनले प्रत्येक १ चौका बराबर ४ शैक्षिक सामग्री वितरण गर्ने सुनिश्चत गरेको थियो । त्यसअनुसार एनपीएलका ६५३ चौका बापत फाउन्डेसनले कुल २ हजार ६१२ शैक्षिक सामग्री वितरण गरिरहेको छ । हालसम्म फाउन्डेसनले ४२ सरकारी विद्यालयका विद्यार्थीलाई ५ हजारभन्दा बढी शैक्षिक सामग्री वितरण गरिसकेको बताइएको छ ।

# रोटरी क्लब अफ त्रिपुरेश्वरद्वारा १० थान ह्विलचियर वितरण

काठमाडौं (अस) । रोटरी क्लब अफ त्रिपुरेश्वर काठमाडौंले १० थान ह्विलचियर वितरण गरेको छ । क्लबले नेपालको फिजियोथेरापी, पुनःस्थापना (रिह्याबिलिटेसन), आयुर्वेदिक, प्राकृतिक चिकित्सा केन्द्र स्पार्क हेल्थ होम नेपालमा विभिन्न जिल्लाबाट आएर उपचार गराइरहेका (शारीरिक समस्यामा परेका) महिला तथा पुरुषहरूलाई उक्त संख्यामा ह्विलचियर सहयोग गरेको हो ।

उक्त सहयोग वितरण कार्यक्रममा रोटरी क्लब अफ त्रिपुरेश्वरकी अध्यक्ष लता बराल शर्माले क्लबले यसअघि पनि यस्तै सहयोगकै क्रममा २० ओटा ह्विलचियर वितरण गरिएको जानकारी दिइन् । आफै हिड्न नसक्ने अशक्तहरूलाई यो ह्विलचियर प्रदान गरिएको र यसले सहयोगापेक्षीहरूलाई सहज हुने उनले बताइन् ।

कार्यक्रममा रोटरीकी डिस्ट्रिक्ट फर्स्ट लेडी सरोजनी शेरचनले रोटरी क्लब अफ त्रिपुरेश्वरले गरेको सामाजिक सहयोग उत्कृष्ट काम भएको



बताइन् । क्लबका पूर्व डिस्ट्रिक्ट गभर्नर राजीव पोखेलले क्लबको तर्फबाट यसअघि देशैभरि १ हजारभन्दा बढी ह्विलचियर वितरण भइसकेको बताए । थप सहयोग आवश्यक भए त्यसका लागि सहजीकरण गरिने उनको भनाइ छ । त्यसका लागि अमेरिकी सहयोगी संस्था लेटर डे सेन्टबाट सहयोग लिन सकिने जानकारी उनले दिए ।

सहयोग हस्तान्तरण कार्यक्रममा रोटरी क्लब अफ तीनकुनेका चार्टर्ड प्रेसिडेन्ट तिलक तिवारी, रोटरी क्लब अफ त्रिपुरेश्वरका पूर्व अध्यक्षहरू रमेश शर्मा, पञ्चकुमारी मानन्धर, राजेन्द्र शाक्य, राधा कुँवर लगायत क्लबका अन्य सदस्यको उपस्थिति थियो ।

## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/१२/२१ गते आर्थिक अभियान दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८१ चैत २८ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

### तपसिल

### कन्चनपुर शाखा

#### १. ऋणीहरुको विवरण

क. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/०८/१५ मा दर्ता नं. २२९३२०/०७६/०७७ कायम भई दर्ता रहेको कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. १८ स्थित रजिष्टर्ड कार्यालय रहेको **हटलाई पोल्ट्री फर्म प्रा.लि.**
**संचालकः मधन दमाई**

ख. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कंचनपुरमा, दर्ता नं.६९/१५९९/०६८/०६९ कायम भै मिति २०६८/०७/०२ मा दर्ता भई कंचनपुर जिल्ला भिमदत्त न.पा. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **अवस्थित न्यु स्टेण्डर्ड टेलर्स**
**प्रोप्राईटर - उत्तम दमाई**

ग. **मधन दमाई**
ना.प्र.नं.- ५७८००४६७
जारी मिति - २०६०/०९/२२, जि.प्र.का. कंचनपुर
पत्नी- गंगा दमाई
बाबु - उत्तम दमाई
बाजे - प्रेम दमाई
स्थायी ठेगाना- महेन्द्रनगर न.पा.वडा नं. १५, कंचनपुर
हालको ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.१५ (साविक महेन्द्रनगर न.पा.वडा नं. १५)

#### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **उत्तम दमाई**
ना.प्र.नं.- ५७७८८२४१
जारी मिति - २०३८/१२/०४, जि.प्र.का. कंचनपुर
बाबु - प्रेम दमाई
बाजे - रणवीर दमाई
पत्नी- कलावती दमाई
स्थायी ठेगाना- महेन्द्रनगर न.पा.वडा नं. १८, कंचनपुर
हालको ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.१५ (साविक महेन्द्रनगर न.पा.वडा नं. १५)

२. **मधन दमाई**
ना.प्र.नं.- ५७८००४६७
जारी मिति - २०६०/०९/२२, जि.प्र.का. कंचनपुर
पत्नी- गंगा दमाई
बाबु - उत्तम दमाई
बाजे - प्रेम दमाई
स्थायी ठेगाना- महेन्द्रनगर न.पा.वडा नं. १५, कंचनपुर
हालको ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.१५ (साविक महेन्द्रनगर न.पा.वडा नं. १५)

३. **गंगा दमाई**
ना.प्र.नं.- ७५-०१-७६-१०९५४
जारी मिति - २०७६/१०/१९, जि.प्र.का. कंचनपुर
पती- मधन दमाइ
बाबु - राम दमाई
बाजे - मंदिर दमाई
ससुरा - उत्तम दमाई
स्थायी ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.१५
हालको ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.१५

४. **कैलाश दमाई**
ना.प्र.नं.- ५७८००१३६
जारी मिति - २०५५/०२/३१, जि.प्र.का. कंचनपुर
पत्नी- पदमा दमाई
बाबु - उत्तम दमाई
बाजे - प्रेम दमाई
स्थायी ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.१५
हालको ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.१५

५. **भागरती दमाई**
ना.प्र.नं.- ७५१००१/२७६२०
जारी मिति - २०७२/०३/०२, जि.प्र.का. कंचनपुर
पती- धरम राम दमाई
बाबु - ज्ञानु दमाई
ससुरा - उत्तम दमाई
स्थायी ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.१५
हालको ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.१५

६. **पदमा दमाई**
ना.प्र.नं.- ७५१००१/४४३३
जारी मिति - २०६५/१२/१७, जि.प्र.का. कंचनपुर
पती- कैलास दमाई
बाबु - सुरेश दमाई
ससुरा - उत्तम दमाई
स्थायी ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.१५
हालको ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.१५

#### लिलाम हुने सम्पत्तिको विवरण

१. **मधन दमाई**को नाममा मालपोत कार्यालय, कन्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा., वडा नं. १८ स्थित कित्ता नं. १४१२१ को क्षे.फ. १०१५.८९ (व.मी) घर/जग्गा तथा सो को सम्पुर्ण लिगलगापातहरु समेत।

२. **उत्तम दमाई**को नाममा मालपोत कार्यालय, कन्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. ४ स्थित कित्ता नं. ३९९ को क्षे.फ. ५१.०८ (व.मी) र ऐ.ऐ. वडा नं. १५ स्थित कित्ता नं. ३१९७ को क्षे.फ. १९४४.५० (व.मी) घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

#### २. ऋणीहरुको विवरण

क. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौमा कम्पनी ऐन २०६३ अन्तर्गत मिति २०७५/०६/०२ मा प्रा.लि.नं. २००८६१/०७५/०७६ दर्ता भई करदता सेवा कार्यालय कन्चनपुरबाट मिति २०७५/०७/०७ मा स्थायी लेखा नम्बर (पान) दर्ता नं. ६०६५६७८७५ प्राप्त कन्चनपुर जिल्ला भीमदत्त न.पा. वडा नं. १८ स्थित रजिष्टर्ड कार्यालय रहेको **अहिल्या कंन्सट्रकसन प्रा.लि ।**

ख. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौमा कम्पनी ऐन २०६३ अन्तर्गत मिति २०७७/०५/२५ मा प्रा.लि.नं. २४१३८३/०७७/०७८ दर्ता भई करदता सेवा कार्यालय कन्चनपुरबाट मिति २०७७/०५/२५ मा स्थायी लेखा नम्बर (पान) दर्ता नं. ६०९७९११५४ प्राप्त बैतडी जिल्ला डिलासैनी गा.पा. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **सगल निर्माण सामग्री प्रसोधन केन्द्र प्रा.लि ।**

ग. **गजेन्द्र बहादुर चन्द**
ना.प्र.नं.: ५७८००६८८
जारी मिति : २०५२/०६/०४, जि.प्र.का. कन्चनपूर
बाबु : गणेश चन्द
बाजे : किसन चन्द
स्थायी ठेगाना: कन्चनपुर जिल्ला महेन्द्रनगर न.पा वडा नं. १८
हालको ठेगाना: कन्चनपुर जिल्ला भिमदत्त.न.पा.वडा नं. १८

#### लिलाम हुने सम्पतिको विवरण

१. **गजेन्द्र बहादुर चन्द**को नाममा मालपोत कार्यालय कन्चनपुरमा दर्ता कायम भएको कन्चनपुर जिल्ला, भीमदत्त न.पा.वडा नं. ११ स्थित कित्ता नं. २३५४, २३५७ र २३५९ को क्षेत्रफल क्रमश २७६.१३, ४१.५० र २१ (व.मी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापत समेत ।

२. **लिलावती चन्द**को नाममा मालपोत कार्यालय कन्चनपुरमा दर्ता कायम भएको कन्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. १८ स्थित कित्ता नं. ८३८१ को क्षेत्रफल ६७२.४४ (व.मी) को जग्गा र सोमा बने को घर तथा सोको सम्पूर्ण लिगलगापत समेत ।

३. **लक्ष्मी देवी चन्द**को नाममा मालपोत कार्यालय कन्चनपुरमा दर्ता कायम भएको कन्चनपुर जिल्ला, भीमदत्त न.पा.वडा नं. १६ स्थित कित्ता नं. ३०११ र ३०१३ को क्षेत्रफल क्रमश ५२० र १४७७.५० (व.मी.) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापत समेत ।

धनि कुमारी बैंक लि. र ऋणी **अहिल्या कंन्सट्रकसन प्रा.लि.** कायम भएको तपसिलको सवारी साधनहरु:

| सवारी नं. | चे.नं. | ई.नं. | मोडल | यातायात कार्यालय |
|---|---|---|---|---|
| BHE 1 KA 938 | THEWBAD 1EH0011160 | 497TC1040J SY829306 | Tata Hitachi, TH 86 MAX | भेरी अञ्चल यातायात व्यवस्था कार्यालय |
| MA 1 CHA 776 | MA1RC4VF2 K2C32256 | VFK4C11814 | Mahendra Scorpio S22WD | मेची अञ्चल यातायात व्यवस्था कार्यालय |

#### सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **गजेन्द्र बहादुर चन्द**
ना.प्र.नं.: ५७८००६८८
जारी मिति : २०५२/०६/०४, जि.प्र.का. कन्चनपूर
बाबु : गणेश चन्द
बाजे : किसन चन्द
स्थायी ठेगाना: कन्चनपुर जिल्ला महेन्द्रनगर न.पा वडा नं. १८
हालको ठेगाना: कन्चनपुर जिल्ला भिमदत्त न.पा. वडा नं. १८

२. **लिलावती चन्द**
ना.प्र.नं.: ५७७८८३७२,
जारी मिति : २०३७/०२/२८, जि.प्र.का. कन्चनपूर
पति : गणेश चन्द
ससुरा : किसन चन्द
स्थायी ठेगाना: कन्चनपुर जिल्ला, महेन्द्रनगर न.पा वडा नं. १८
हालको ठेगाना: कन्चनपुर जिल्ला भिमदत्त न.पा. वडा नं.१८

३. **लक्ष्मी देवी चन्द**
ना.प्र.नं.: ७५१००१/१९३९
जारी मिति : २०६४/१२/१४, जि.प्र.का. कन्चनपूर
पति : गजेन्द्र बहादूर चन्द
ससुरा : गणेश चन्द
स्थायी ठेगाना: कन्चनपुर जिल्ला, महेन्द्रनगर म.न.पा वडा नं. १८
हालको ठेगाना: कन्चनपुर जिल्ला भिमदत्त न.पा. वडा नं.१८

#### ३. ऋणीहरुको विवरण

क. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/०४/२८ मा दर्ता नं. २४०५२३/०७७/०७८ कायम भई दर्ता रहेको कन्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. १५ स्थित रजिष्टर्ड कार्यालय रहेका **एस.एन निर्माण तथा परामर्श सेवा प्रा.ली**
**संचालकः निराकर प्रसाद जोशी**

ख: प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कंचनपुरमा, दर्ता नं. २०४/०६४/०६५ कायम भई मिति २०६४/१२/०४ मा दर्ता भई कंचनपुर जिल्ला भिमदत्त न.पा. वडा नं. ०४ मा अवस्थित **एस.एन. गिफ्ट सेन्टर ।**
**प्रोप्राईटर -निलम जोशी**

ग. **निराकर प्रसाद जोशी**
ना.प्र.नं.- ९०३
जारी मिति - २०६०/०१/२२, जि.प्र.का. कंचनपुर
बाबु - हरि दत्त जोशी
बाजे - गणेश दत्त जोशी
पत्नी- निलम जोशी
स्थायी ठेगाना- बैतडी गा.बि.स./न.पा. पाटन वडा नं. ०९
हालको ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.१५ (साविक महेन्द्रनगर न.पा.वडा नं. १५)

#### लिलाम हुने सम्पत्तिको विवरण

१. **निराकर प्रसाद जोशी**को नाममा मालपोत कार्यालय, बैतडीमा दर्ता कायम रहेको बैतडी जिल्ला, पाटन, वडा नं. ९ स्थित कित्ता नं. १९८२ र १९५५ क्षे.फ. क्रमश ३६३.६१ र ७५५.१२ (व.मी) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत

२. **हरि दत्त जोशी**को नाममा मालपोत कार्यालय, महेन्द्रनगर, कन्चनपूरमा दर्ता कायम रहेको कन्चनपूर जिल्ला, भीमदत्त,वडा नं. १५ स्थित कित्ता नं. १३२९ र १८६९ को क्षे.फ. क्रमश १०६.२५ र ३१७.०० (व.मी) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत

३. **भगत राम डगौरा**को नाममा मालपोत कार्यालय, बेलौरी, कन्चनपूरमा दर्ता कायम रहेको कन्चनपूर जिल्ला, लालझाडी, वडा नं. ०३ स्थित कित्ता नं ५१२ को क्षे.फ. ५०६२.८ (व.मी) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत

#### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **निराकर प्रसाद जोशी**
ना.प्र.नं.- ९०३
जारी मिति - २०६०/०१/२२
जि.प्र.का. कंचनपुर
बाबु - हरि दत्त जोशी
बाजे - गणेश दत्त जोशी
पत्नी- निलम जोशी
स्थायी ठेगाना- बैतडी गा.बि.स./न.पा. पाटन वडा नं. ०९
हालको ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.१५ (साविक महेन्द्रनगर न.पा.वडा नं. १५

२. **भगतराम डगौरा**
ना.प्र.नं.- ४५
जारी मिति - २०५२/०२/२१,
जि.प्र.का. कंचनपुर
बाबु - सगराम डगौरा
बाजे - मेघनाथ डगौरा
स्थायी ठेगाना- कन्चनपूर जिल्ला लालझाडी. गा.पा./ न.पा.वडा नं. ०३
हालको ठेगाना- कन्चनपूर जिल्ला लालझाडी. गा.पा./न.पा. वडा नं. ०३

३. **हरि दत जोशी**
ना.प्र.नं.- ४३५
जारी मिति - २०३४/०२/२६
जि.प्र.का. बैतडी
बाबु - गणेश दत्त जोशी
बाजे - देब दत्त जोशी
पत्नी- बिन्दु जोशी
स्थायी ठेगाना- बैतडी गा.बि.स./न.पा. पाटन वडा नं. ०७
हालको ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.१५ (साविक महेन्द्रनगर न.पा.वडा नं. १५)

४. **प्रियंका चन्द**
ना.प्र.नं.- ७५१००१/९१४२
जारी मिति - २०६७/०५/०४, जि.प्र.का. कंचनपुर
पती- दिपक चन्द
बाबु - देव बहादुर चन्द
ससुरा - रामी चन्द
स्थायी ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.०६
हालको ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.०६

५. **निलम जोशी**
ना.प्र.नं.- ७५३०१९/८२८
जारी मिति - २०६३/११/१०, जि.प्र.का. कंचनपुर
पती- निराकर प्रसाद जोशी
बाबु - लोक राज जोशी
ससुरा - हरि दत्त जोशी
स्थायी ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.०६
हालको ठेगाना- कंचनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.०६

### मझिमटार, धादिङ शाखा

#### १. ऋणीहरुको विवरण

क. **पित्त बहादुर डल्लाकोटी**
ना.प्र.नं.- १०१६४
जारी मिति - २०५२/७/१, जि.प्र.का.-धादिङ्ग
बाबु - डिल्ली बहादुर डल्लाकोटी
बाजे - दिप बहादुर डल्लाकोटी
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, बेनिघाट रोराङ्ग गा.पा., वडा नं. ९ (साविक जोगीमारा गा.वि.स. वडा नं. ०९)
हालको ठेगाना- ऐ.ऐ

ख. **सिता डल्लाकोटी**
ना.प्र.नं.- १०१२३
जारी मिति - २०६०/१०/०६ जि.प्र.का. धादिङ्ग
बाबु - कृष्ण बहादुर पुरी
बाजे - पदम पुरी
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, बेनिघाट रोराङ्ग गा.पा., वडा नं. ९ (साविक जोगीमारा गा.वि.स. वडा नं. ०९)
हालको ठेगाना- ऐ.ऐ

#### लिलाम हुने सम्पतिको विवरण

१. **पित्त बहादुर डल्लाकोटी**को नाममा मालपोत कार्यालय, धादिङ्गमा दर्ता कायम रहेको धादिङ्ग जिल्ला, जोगीमारा गा.वि.स./न.पा. वडा नं. ६ ख स्थित कित्ता नं. ४८१ को क्षे.फ.१-१-१-० जग्गा तथा सोको सम्पुर्ण लिगलगापात ।

२. **पित्त बहादुर डल्लाकोटी**को नाममा मालपोत कार्यालय, धादिङ्गमा दर्ता कायम रहेको धादिङ्ग जिल्ला, जोगीमारा गा.वि.स./न.पा. वडा नं. ६ ज स्थित कित्ता नं. ७१ र ७४ को क्षे.फ.१-१२-१-० र ३-६-२-३ जग्गा तथा सोको सम्पुर्ण लिगलगापात ।

#### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **पित्त बहादुर डल्लाकोटी**
ना.प्र.नं.- १०१६४
जारी मिति - २०५२/७/१, जि.प्र.का.-धादिङ्ग
बाबु - डिल्ली बहादुर डल्लाकोटी
बाजे - दिप बहादुर डल्लाकोटी
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, बेनिघाट रोराङ्ग गा.पा., वडा नं. ९ (साविक जोगीमारा गा.वि.स. वडा नं. ०९)
हालको ठेगाना- ऐ.ऐ

२. **अरिना डल्लाकोटी**
ना.प्र.नं.- २६-०१-७४-०६८५६
जारी मिति - २०७४/७/८, जि.प्र.का. - धादिङ्ग
बाबु - पित्त बहादुर डल्लाकोटी
बाजे - डिल्ली बहादुर डल्लाकोटी
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, बेनिघाट रोराङ्ग गा.पा., वडा नं. ९
हालको ठेगाना- ऐ.ऐ

३. **सिता डल्लाकोटी**
ना.प्र.नं.- १०१२३
जारी मिति - २०६०/१०/०६ जि.प्र.का. धादिङ्ग
बाबु - कृष्ण बहादुर पुरी
बाजे - पदम पुरी
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, बेनिघाट रोराङ्ग गा.पा., वडा नं. ९ (साविक जोगीमारा गा.वि.स. वडा नं. ०९)
हालको ठेगाना- ऐ.ए

#### शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८१ चैत २७ गते** भित्र बैंकको सम्बन्धित शाखा/ कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (**Good For Payment**) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८१ चैत २८ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८१ चैत २८ गते बिहीबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

आफूले गरेका काममा उत्साहित हुनुहुन्छ भने तपाईं सकारात्मक ऊर्जाले भरिनुहुन्छ ।

**- पाउलो कोएला**

सम्पादकीय

# पूर्वाधार निर्माणमा अवरोध कहिलेसम्म ?

**नागढुंगा सुरुङमार्ग निर्माण अन्तिम चरणमा पुग्दा स्थानीय अवरोधका कारण २ हप्तादेखि काम ठप्प भए पनि त्यसलाई खुलाउन सरकारले चासो दिएको छैन । नेपालमा कुनै पूर्वाधारमा मुआब्जा बढी माग्नेदेखि विभिन्न माग राखेर आयोजनामा काम गर्न नदिने प्रवृत्ति व्यापक छ । केही समयअघि पूर्व–पश्चिम राजमार्गको नारायण बुटबल खण्डको विस्तार कार्यमा स्थानीयले अवरोध गरेका थिए । पूर्वाधार आयोजनाहरूले यस्तो नियति कहिलेसम्म भोगिरहने ?**

**सुरुङमार्गको यो परियोजनाको काम शुरू भएयता ८/१० पटक रोकिइसकेको छ । यो आयोजनाको पश्चिम पोर्टल (धादिङ) तर्फका स्थानीयले विभिन्न माग राखेर काममा अवरोध गरेकाले चैत ३ पछि कुनै काम हुन सकेको छैन । पछिल्लो पटक स्थानीय बासिन्दाले खानेपानीको माग गरेका छन् । यसअघि पनि यही माग राखेर अवरोध पुऱ्याएकामा सहमतिपछि निर्माणको काम शुरू भएको थियो । सुरुङमार्ग निर्माणमा स्थानीयलाई ज्यादै कम प्रभाव पर्ने भए पनि स्थानीयले माग राखेर अवरोध गर्नुको एउटा कारण यस्तो आयोजनाले उनीहरूलाई प्रत्यक्ष लाभ नदिनु हुन सक्छ । अर्को, जे माग राखे पनि सरकारले पूरा गरिदिने तर कार्यान्वयन नगर्नाले पनि बारम्बार माग राखेर काम रोक्न उक्साएको हुन सक्छ । अर्को, स्थानीय स्रोतको उपयोगबाट अरूले फाइदा लिन्छन् भने त्यसको फाइदा हामीले पाउनुपर्छ भन्ने सोचले पनि स्थानीयले पूर्वाधार निर्माणका काममा अवरोध पुऱ्याउने गरेका हुन् । हेर्दा सामान्य लाग्ने यस्ता क्रियाकलापकै कारण नेपालका पूर्वाधार आयोजना समयमा सम्पन्न हुन नसकेका हुन् । यस्तो अवरोधले आयोजनाको ठेकेदार कम्पनीलाई काम ढिला गर्न बहाना मिल्छ । ठेक्का सम्झौता गर्दा नियन्त्रणभन्दा बाहिरको परिस्थिति भएमा त्यस्तो आयोजनामा सरकारले क्षतिपूर्ति दिनुपर्ने हुन्छ । अहिले सुरुङमार्गको ठेकेदार कम्पनी हाज्मा करपोरेशनले क्षतिपूर्ति माग्ने तयारी गरेको समाचार आएको छ । यस्ता अवरोधले आयोजना ढिलो हुने मात्र होइन, यसको लागत निकै गुणा बढ्न जान्छ । लागत बढ्नेमात्र होइन, यसबाट प्राप्त हुने प्रतिफल पनि पछि धकेलिन्छ ।**

**क्षतिग्रस्त मेलम्ची आयोजनाको प्रवेशमार्ग पुनर्निर्माण गर्नुपर्ने भए पनि स्थानीयले माग पूरा नभएसम्म पुनर्निर्माण गर्न नदिने भएका छन् । काठमाडौं निजगढ द्रुत मार्गको काठमाडौं पट्टिको भागमा अझै कुरा मिलेको छैन । कुनै आयोजना बन्ने भयो भने जग्गाको भाउ कयौं गुणा बढाएर क्षतिपूर्ति माग्ने प्रवृत्ति छ । अझ भूमाफियाले कुनै ठाउँमा कुनै परियोजना शुरू गर्न सरकारले तयारी गरेको थाहा पाए पछि स्थानीयसँग सस्तोमा जग्गा किन्ने र अधिग्रहण गर्दा बढी मूल्य माग्ने गरेको पाइन्छ । यस्तो प्रवृत्तिले कुनै पनि पूर्वाधार निर्माण गर्न कठिन हुन्छ ।**

- जे माग राखे पनि सरकारले पूरा गरिदिने तर कार्यान्वयन नगर्नाले पनि बारम्बार काम रोक्न उक्साएको हुन सक्छ ।
- अवरोधले आयोजना ढिलो हुने मात्र होइन, यसको लागत निकै गुणा बढ्न जान्छ ।
- आयोजनाहरूमा आउन सक्ने सम्भावित अवरोधलाई तत्काल सम्बोधनका लागि छिटोछरितो उपाय अपनाउन आवश्यक छ ।

**प्रायःजसो परियोजनाले यो समस्या भोग्नु परे पनि सरकारले यसको दिगो समाधानको उपाय खोज्न सकेको छैन । कुनै पनि आयोजना शुरू गर्दा स्थानीयसँग अन्तरक्रिया गर्ने, सार्वजनिक सुनुवाइ गर्ने, वातावरण प्रभाव मूल्यांकन गर्नुपर्नेजस्ता नीति अपनाइएको छ । त्यसैले आयोजनाको शुरूमा शर्तहरू राखेर सहमति भइसकेपछि त्यसको विरुद्ध जान नसक्ने र गएमा कारबाही गर्ने वा अन्य कुनै उपाय निकाल्न जरुरी भइसकेको छ । खानेपानीको माग सरकारसँग गर्नुपर्नेमा आयोजनाको काम ठप्प पारेर आयोजनासँग माग राख्नु हुँदैन । थप माग राखेर पुरानो सहमति तोड्न सक्ने प्रावधान राख्न सकिन्छ ।**

**सरकारले यस्ता आयोजनाहरूमा आउने समस्या र समन्वयका लागि तुरुन्त काम गर्ने गरी संयन्त्र तयार हुनुपर्छ । विद्यमान संरचनाबाट यस्तो व्यवस्था हुनुपर्छ । तर, सरकार यस्ता समस्याको समाधान गर्न आलटाल गर्ने र सञ्चारमाध्यममा व्यापक भएपछि मात्रै प्रतिक्रिया दिने गरेको छ । त्यसैले आयोजनाहरूमा आउन सक्ने सम्भावित अवरोधलाई तत्काल सम्बोधन गर्ने र काम नरोकिने वातावरण बनाउन सरकारले छिटोछरितो उपाय अपनाउन आवश्यक छ ।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## स्वीकृति नलिएका पर्यटन संस्थालाई कारबाही

स्वीकृति नलिई पर्यटकीय गतिविधि सञ्चालन गर्ने सङ्घसंस्थालाई सरकारले कारबाही गर्ने भएको छ । पर्यटन मन्त्रालयको दर्ताविना सञ्चालित ट्राभल, ट्रेकिङ, होटल, ऱ्याफ्टिङ, पर्यटक यातायातलगायतलाई कारबाही गर्न लागिएको हो । विनादर्ता पर्यटन व्यवसाय गर्ने संस्थालाई कानूनी प्रक्रियामा आउन सार्वजनिक सूचना गर्दासमेत अटेरी गरेको मन्त्रालयले बतायो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, कानून महाशाखाका सहसचिव रञ्जनकृष्ण अर्यालले प्रक्रियामा आउन आग्रह गर्दा पनि नमानेपछि कारबाही गर्न लागिएको बताए । उनले भने, 'मन्त्रालयले अन्तिम मौका दिँदा पनि त्यसको पालना भएको छैन ।' पर्यटन ऐन, २०३५ ले पर्यटनसँग सम्बन्धित सबै एजेन्सीका लागि सञ्चालन इजाजत प्रावधान अनिवार्य गरेको छ । इजाजत नलिई सेवा सञ्चालन गर्ने पर्यटन संस्थालाई मन्त्रालयले कारोबार बन्द गराई रू. २० हजारसम्म जरीवाना गर्ने सार्वजनिक सूचनामा उल्लेख छ ।

**वर्ष ८, अंक १५२, सोमवार, ७ फागुन, २०६९**

# अर्थतन्त्रलाई दिगो र आत्मनिर्भर कसरी बनाउने ?

## सार्वजनिक जवाफदेहिता सुदृढ गर्ने उपाय



**विप्रेषण र बैंक कर्जा लगानीलाई उत्पादनशील क्षेत्रमा प्रयोग बढाउने, कर प्रशासनलाई करदातामैत्री बनाउने, करको दायरा फराकिलो बनाउने, वित्तीय साधनको कुशलतापूर्वक परिचालन गर्नेलगायत कार्यले मात्र सार्वजनिक जवाफदेहितामा सुधार हुन सक्छ ।**

**डा. दिवाकर वशिष्ठ**

जुनसुकै संस्था वा निकायमा सार्वजनिक पदमा बहाल सरकार, कर्मचारी वा राजनीतिक व्यक्तित्व र समाजमा रहने आम नागरिकलगायत अधिकांश व्यक्तिले आफूले के गर्न हुन्छ के गर्न हुँदैन ? कानून वा नीतिनियमले के भन्छ ? सामाजिक उत्तरदायित्व के हो ? भन्ने पक्षको हेक्का नराख्दा सुशासनमा संकट देखापरेको छ । फलस्वरूप अर्थतन्त्रले अपेक्षित गति लिन सकेको छैन ।

### अर्थतन्त्रमा सुधार नआउनुका कारण

नेपालमा व्यवस्था परिवर्तन त भयो तर अवस्था परिवर्तन भएन । विगतदेखि नै राजनीतिक अस्थिरताका कारण बारम्बारको सरकार परिवर्तन, प्राकृतिक प्रकोप, आर्थिक सुस्ती, बेलाबखत भइरहने आन्दोलन, सार्वजनिक जवाफदेहिताको ख्याल नराख्दा हुने सार्वजनिक र निजी सम्पत्तिमा तोडफोडलगायतले अर्थतन्त्र माथि उठ्न सकेको छैन । हाल अर्थतन्त्र सुधारोन्मुख गतिमा अघि बढेको छ । पर्यटक वृद्धि हुँदै गरेको अवस्थामा राजावादी आन्दोलन र दलीय द्वन्द्वले दिगो र आत्मनिर्भर अर्थतन्त्र थप ओझेलमा परेको छ ।

सार्वजनिक सरोकार, जनताको हित र विकास निर्माणको कुरा योजनाको पोकोमा थन्किने क्रम बढेको छ भने कार्यान्वयनको अवस्था उदेकलाग्दो छ । गौरवका आयोजना एवं सडक निर्माणको धिमा गतिले सर्वसाधारणलाई परेको सास्तीले सार्वजनिक जवाफदेहिता दिन प्रतिदिन ओझेलमा पर्दै गएको छ ।

### अर्थतन्त्रको अवस्था

कोभिड-१९ को महामारीपछि विश्व अर्थतन्त्र पुनरुत्थानको क्रममा रहेका बेला रूस-युक्रेन युद्धले गर्दा विश्वव्यापी रूपमा आपूर्तिमा व्यवधान, पेट्रोलियम पदार्थलगायत खाद्यान्न र निर्माण सामग्रीको मूल्य बढ्न गयो । यसले नेपालको अर्थतन्त्रलाई समेत अछुतो राखेन । तर, हाल विदेशी मुद्राको सञ्चितिमा वृद्धि भइरहेको छ । शोधनान्तर स्थितिमा सुधारका साथै विप्रेषण बढेको छ र मौद्रिक नीति पनि खुकुलो बनाउँदै लगिएको देखिन्छ । तरलतामा आएको वृद्धिसँगै बैंक ब्याजदर पनि क्रमशः घटिरहेको छ । ब्याजदरमा कमी आइरहँदा पनि कर्जाको माग कम छ र सरकारको पूँजीगत खर्च अपेक्षित रूपमा हुन नसक्नाले समष्टिगत माग कमजोर रही आर्थिक गतिविधिमा सुधारको अनुभूति हुन सकेको छैन । आयातमा कमी आउँदा चालू आर्थिक वर्षमा सरकारको राजस्व संकलन गतवर्षभन्दा घटेको छ । कमजोर राजस्व परिचालन र बढ्दो सरकारी खर्चले सरकारी वित्त व्यवस्थापन चुनौतीपूर्ण बनेको छ । सार्वजनिक ऋण २७ खर्बको नजिक पुगेको छ । आयात नियन्त्रणका लागि अवलम्बन गरिएका नीतिगत व्यवस्था हटाइएको भए तापनि अनावश्यक खर्च कटौती, राजस्व चुहावट नियन्त्रण, राजस्वको दायरा फराकिलो र वैदेशिक सहयोग परिचालनको स्थिति कमजोर रहँदा सार्वजनिक ऋणको भार भने दिनहुँ वृद्धि भइरहेको छ । अर्थतन्त्रको बाह्य क्षेत्रमा सुधार देखिए तापनि तरलता बढ्दै जाने र कर्जा लगानी हुन नसकेको एवं व्यावसायिक गतिविधि न्यून रहेबाट मूल्यमा परेको दबाब अझै कायम छ ।

### सार्वजनिक जवाफदेहिता

नेपाली अर्थतन्त्र बढी आयात र विप्रेषणमा निर्भर रहेकाले विश्व अर्थतन्त्रको प्रभाव सामना गर्दै आन्तरिक सन्तुलन कायम राख्ने कार्य चुनौतीपूर्ण छ । तसर्थ अर्थतन्त्रको दीर्घकालीन सुधार एवं समग्र उत्पादन र उत्पादकत्व बढाउन सम्बद्ध सबैले सुशासनको पालना गर्दै सार्वजनिक जवाफदेहिताको मर्म बुझ्न जरुरी छ ।

दिगो र आत्मनिर्भर अर्थतन्त्रको लक्ष्य पूरा गर्न सम्बद्ध निकायमा सार्वजनिक जवाफदेहिता अपरिहार्य छ । दिगो र आत्मनिर्भर अर्थतन्त्रका लागि निम्न कार्य गर्न जरुरी छ- जसमा आवधिक योजना तथा बजेटमार्फत निर्धारित लक्ष्यअनुरूप आर्थिक वृद्धि हुने गरी कार्यसम्पादन गर्नुपर्छ । अर्थतन्त्रका नवीन क्षेत्रहरूको पहिचान गरी त्यसमा लगानी बढाउनुपर्छ । आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन गर्न स्थानीय शीप र स्रोतको उपयोग गरी रोजगारी सृजनामा सहयोग पुऱ्याउने पर्यटन, जलविद्युत्, खानी, जडीबुटी, सूचना प्रविधिलगायत तुलनात्मक लाभ हुने क्षेत्रमा लगानी गरी राष्ट्रिय स्रोत रसाधनको अत्यधिक परिचालन गर्नुपर्छ । सरकार र निजीक्षेत्रको सहकार्यमा उपलब्ध साधनस्रोतको अधिकतम परिचालन गरी राष्ट्रिय अर्थतन्त्रलाई दिगो र आत्मनिर्भर एवं उन्नतशील बनाउनुपर्छ । वित्तीय स्रोत परिचालन, ब्याजदर, आर्थिक क्रियाकलापमा देखिएका चुनौतीहरूको सम्बोधन गर्न निजीक्षेत्र र सरोकारवालाको सहभागितामा वित्तीय तथा मौद्रिक नीति तय गर्ने वातावरण सृजना गर्नुपर्छ । अनौपचारिक आर्थिक क्रियाकलापलाई नियमन गरी औपचारिक क्षेत्रमा ल्याउनुपर्छ । उन्नत बीउबिजन, सिँचाइ, रासायनिक मल, बाली तथा पशुबीमा र नवीन प्रविधि सरोकारवाला समक्ष पुऱ्याई कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व बढाउनेतर्फ पाइला बढाउनुपर्छ । लगानीमैत्री वातावरण सृजना गरेर व्यापार विविधीकरण, आन्तरिक उत्पादन अभिवृद्धि, निजीक्षेत्रको व्यावसायिक एवं प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुने व्यवस्था मिलाउनुपर्छ । हुन्डी निरुत्साहित गरी विप्रेषण औपचारिक माध्यमबाट भित्र्याई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने नीति बनाउनुपर्छ । प्राकृतिक स्रोतको दिगोपनालाई दृष्टिगत गरी त्यसको उपयोग गर्दै वातावरण मैत्री कर्जा लगानी बढाउने कार्य गर्नुपर्छ ।

**■ शोधनान्तर स्थितिमा आएको सुधारका साथै विप्रेषण बढेको छ र मौद्रिक नीतिलाई पनि खुकुलो बनाउँदै लगिएको देखिन्छ ।**

**■ कमजोर राजस्व परिचालन र बढ्दो सरकारी खर्चले गर्दा सरकारी वित्त व्यवस्थापन चुनौतीपूर्ण बनेको छ ।**

**■ अर्थतन्त्रका नवीन क्षेत्रहरूको पहिचान गरी त्यसमा लगानी बढाउनुपर्छ ।**

**■ अनौपचारिक आर्थिक क्रियाकलापलाई नियमन गरी औपचारिक क्षेत्रमा ल्याउनुपर्छ ।**

**■ प्रशासनिक झन्झट सरलीकरण गर्नुपर्छ, मानव संसाधनको क्षमता अभिवृद्धि गरी सुशासनमा जोड दिनुपर्छ ।**

**■ निजीक्षेत्रबाट राजस्व संकलन गरिसकेपछि समस्या भए समाधान गर्नु राज्यको दायित्व हो ।**

'मेक इन नेपाल : मेड इन नेपाल'को अवधारणा कार्यान्वयन गर्दै स्टार्टअप उद्यमशीलताको विकास गर्ने र मुलुकमा औद्योगिक र व्यावसायिक वातावरणको निर्माण गर्नेलगायत कार्यले मात्र अर्थतन्त्रलाई दिगो र आत्मनिर्भर बनाउँछ । स्थानीय उत्पादन बढाउने र स्वदेशी वस्तु तथा सेवाको उपयोगमा जोड, आधारभूत वस्तु तथा सेवाको आयात निरुत्साहित गर्ने, नवीकरणीय ऊर्जाको उत्पादनमा जोड, प्रविधिको प्रयोग, विद्युत् बचतमा ध्यान दिने र यसको निर्यात बढाउनेतर्फ लाग्नुपर्छ । खानेपानी तथा सिँचाइको उपयुक्त व्यवस्थापन गर्ने, फोहोर व्यवस्थापन र यसको पुनः प्रयोगमा जोड दिने, स्थानीय आवश्यकताअनुसारको वस्तु तथा सेवाको उत्पादन र वितरण पनि उत्तिकै महत्त्वपूर्ण छ । उद्यमशीलताको विकास एवं वातावरणको संरक्षण एवं वातावरणीय शिक्षामा ध्यान दिने, प्रगतिशील करप्रणालीको विकास, न्यूनतम आयको सुनिश्चितता गर्ने, सामाजिक क्षमता विकासका लागि तालिमको व्यवस्था गर्ने, हरित करको व्यवस्था, आधारभूत वस्तु सम्बद्ध उद्योगलाई अनुदानको व्यवस्था गर्नेजस्ता काम सरकारको प्राथमिकतामा पर्नुपर्छ । दिगो विकासका लागि आवश्यक कानून र नीति निर्माण गर्नेलगायत कार्य गर्न जरुरी छ ।

### दिगो र आत्मनिर्भर अर्थतन्त्र

अर्थतन्त्रलाई दिगो र आत्मनिर्भर बनाउन थप गर्नुपर्ने कार्यमा वैदेशिक लगानी आकर्षण गर्नुपर्छ । तर, पछिल्लो समय नेपालमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याएर खोलिएका उद्योगधन्दाबाट आर्जित आम्दानीसमेत सहजै स्वदेश फिर्ता लैजान नसकिने प्रावधानका कारण विदेशी लगानीकर्ता आफ्नो शेयर बेचेर बाहिरिने क्रम बढेको छ । यसले रोजगारीमा समेत धक्का पुगेको देखिन्छ । यसतर्फ सम्बद्ध निकायले कानूनमा सहजीकरण गर्नुपर्ने देखिन्छ । तसर्थ यसमा सुधार गर्न लगानीसम्बन्धी स्पष्ट नीतिनियमको तर्जुमा गर्नुपर्छ । नयाँ प्रविधिको विकासमा जोड दिनुपर्छ । पूर्वाधारको विकासमा लगानीकर्तालाई आकर्षित गर्ने वातावरण बनाउनुपर्छ । प्रशासनिक झन्झटलाई सरलीकरण गर्नुपर्छ, मानव संसाधनको क्षमता अभिवृद्धि गरी सुशासनमा जोड दिनुपर्छ । मुलुकमा राजनीतिक र आर्थिक स्थिरतामा जोड दिने विषयले मात्र अपेक्षित विदेशी लगानी भित्रिन सक्छ । त्यसो त विश्व आर्थिक मन्दीपछि अर्थतन्त्रको चुनौती दिन प्रतिदिन बढिरहेको छ । बेरोजगारी, आम गरीबी, कृषिमा आधारित अर्थतन्त्र, जनचेतनाको अभाव, व्यवस्थापकीय चुनौतीहरू, स्रोतसाधनको अभाव, तथ्यांक भण्डारणको अभाव जस्ता चुनौतरु अर्थतन्त्रमा विद्यमान छन् । प्रतिबद्ध राजनीतिक नेतृत्वको अभाव, वातावरणीय चुनौती, बौद्धिक वर्गको पलायन, जनसहभागिताको उपेक्षा, उत्तरदायी कर्मचारीतन्त्रको अभाव, फितलो कार्यान्वयन, सुशासनको अभाव, व्यवस्थापन सूचनाप्रणालीको अभाव पनि चुनौतीका रूपमा रहेका छन् ।

भौगोलिक विविधता, विप्रेषणले धानिएको अर्थतन्त्र, न्यून प्रतिव्यक्ति आय, उच्च व्यापारघाटा, मुद्रा र पूँजी बजारको पर्याप्त विकास नहुनु, बैंकिङ क्षेत्रबाट कर्जा लगानी हुन नसक्नु, गौरवका आयोजना निर्माण र समयमा सम्पादन हुन नसकेको, भौतिक पूर्वाधारको अभावलगायतले अर्थतन्त्रलाई कमजोर बनाएको छ । अर्थतन्त्रलाई दिगो र आत्मनिर्भर बनाउन राजस्व चुहावट नियन्त्रण तथा आर्थिक अपराधीकरणको न्यूनीकरणमा पुरस्कार र दण्डको व्यवस्था गरिनुपर्छ । नियमित कर तिर्ने, नियमित कर सहभागिता जनाउने, क्षमताअनुसार कर तिर्नेलाई पुरस्कारको घोषणा सरकारले गर्नुपर्ने हुन्छ । निजीक्षेत्रबाट राजस्व संकलन गरिसकेपछि समस्याहरू भए समाधान गर्नु राज्यको दायित्व हो । यसै गरी, नागरिकले तिर्ने करलाई असल र कुशल सेवा प्रवाहमा परिणत गरी खुशीसाथ असुल गर्नु पनि पुरस्कारको एउटा तरीका हो । यस बाहेक राजस्व चुहावट गर्ने, आर्थिक अपराधीकरण गर्ने, छाया अर्थतन्त्र र भ्रष्टाचार गरी राज्यकोषको हिनामिना गर्नेलाई दण्डित गर्न ढिला गर्न हुँदैन । उच्च पदमा रहे जे गर्दा पनि हुन्छ भन्ने प्रवृत्ति मौलाएको देखिन्छ । जनता, समाज र देशको हित एवं आर्थिक विकास योजनामा मात्र सीमित रही यसको कार्यान्वयनप्रतिको जवाफदेहिता र उत्तरदायित्व बिर्सने क्रम बढेको छ ।

### सुधार्नुपर्ने पक्ष

पछिल्लो समय कमजोर पूँजीगत खर्चका कारण अर्थतन्त्र चलायमान हुन सकेको छैन । प्रमुख कारणहरूमा बढ्दो राजनीतीकरण, सार्वजनिक खरीद ऐन झन्झटिलो, नियमन निकायको बढ्दो प्रभावले त्रासको वातावरण, सूचना प्रविधिको पहुँच र विकास अभाव, तथा रकमान्तरलगायतका समस्या रहेको देखिएको छ । तसर्थ सार्वजनिक खरीद ऐनलाई समयसापेक्ष र विकासमैत्री हुने गरी संशोधन गर्नुपर्ने, रकमान्तरको अधिकार प्रत्यायोजन गर्ने, नियमनकारी निकायले प्रतिशोधभन्दा सहजीकरणमा जोड दिने, दातृ निकायलाई विश्वासमा लिई कार्य गर्नेलगायत काम गर्नुपर्छ । सार्वजनिक जवाफदेहिताविना आर्थिक विकास सम्भव छैन । तसर्थ यसलाई सुदृढ बनाउन मुलुकमा शासकीय प्रबन्धको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ जसमा कानून निर्माण, स्रोतसाधनको बाँडफाँट र कार्यक्षेत्रको स्पष्टता हुनु पर्छ । समसामयिक कानून निर्माण र विद्यमान कानून संशोधनका साथै सार्वजनिक संस्थान र नियमनकारी निकायको कार्य सम्पादन प्रभावकारी बनाउनुपर्छ ।

फैसला तथा निर्णय कार्यान्वयनको प्रत्याभूति हुनुपर्छ । प्रशासनिक र वित्तीय स्वायत्ततामार्फत संवैधानिक निकायलाई थप प्रभावकारी बनाउनुपर्छ । राजनीति र प्रशासनबीच अन्तरसम्बन्ध कायम गर्नेलगायत कार्य गर्नु जरुरी छ । साथै सार्वजनिक वित्त व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उपायहरूमा कुल गार्हस्थ्य उत्पादनको मापन र राजस्वको प्रक्षेपणलाई वस्तुपरक बनाउने, करको दायरा फराकिलो बनाउने, राजस्व चुहावट नियन्त्रण गर्ने, सार्वजनिक ऋणलाई राष्ट्रिय हित र प्राथमिकतामा खर्च गर्नेजस्ता सुधार तत्काल गर्नुपर्ने हुन्छ । बजेट र यथार्थ खर्च बीचको अन्तर घटाउने, विकास सहायताको परिचालन बजेटमार्फत गर्ने, सार्वजनिक खर्च मितव्ययी र प्रभावकारी बनाउने, सार्वजनिक संस्थानको सञ्चालनमा व्यावसायिक कुशलता ल्याउने, लेखापरीक्षणले औंल्याएका त्रुटिको सुधार समयमा गर्नेलगायत छन् । त्यस्तै सार्वजनिक सम्पत्तिको व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरूमा सार्वजनिक सम्पत्तिको खरीदमा पारदर्शिता हुनुपर्छ । कुशलतापूर्वक स्रोतसाधनको परिचालन हुनुपर्छ । सार्वजनिक सम्पत्तिको प्रयोग र उचित सम्भार एवं मर्मत हुनुपर्छ । सार्वजनिक निर्माणमा गुणस्तर हुनुपर्छ ।

अर्थतन्त्रलाई सबल र आत्मनिर्भर बनाउन लक्ष्यअनुरूपको आर्थिक वृद्धिमा लाग्नुपर्छ । व्यापार सन्तुलन कायम गर्न प्रयत्न गर्ने, लगानीमैत्री वातावरण निर्माण गर्ने, लगानीका नवीन क्षेत्रको पहिचान गर्ने कार्य पनि आवश्यक छ । विप्रेषण र बैंक कर्जा लगानी उत्पादनशील क्षेत्रमा प्रयोग बढाउने, कर प्रशासनलाई करदातामैत्री बनाउने, करको दायरा फराकिलो बनाउने, वित्तीय साधनको कुशलतापूर्वक परिचालन गर्नेलगायत कार्यले मात्र सार्वजनिक जवाफदेहितामा सुधार हुन सक्नेमा कसैको दुईमत नरहला ।

*डा. वशिष्ठ बैंक तथा वित्तीय संस्थासम्बन्धी विज्ञ हुन् ।*

# युट्युबले बदलेको एउटा गाउँ

हामी सबै युट्युब प्रयोग गर्छौं । तर, यही युट्युबबाट प्रशस्त आमदानी गर्न सकिन्छ । केही नेपालीले पनि अहिले यसबाट राम्रो आमदानी गरिरहेका छन् । अहिले भारतको एउटा सानो गाउँ अचम्मको डिजिटल केन्द्र बन्दै गएको छ । अहिले त्यहाँका चौथाइभन्दा बढी बासिन्दा युट्युबबाट आमदानी गरिरहेका छन् । यो आमदानीले गाउँको अर्थतन्त्रलाई कसैले कल्पना नगरेको तरीकाले रूपान्तरण गरिरहेको छ । एउटा सानो शौकको रूपमा शुरू भएको युट्युबले अहिले एक चौथाइभन्दा बढी गाउँलेलाई लखपति बनाएको छ । यो अहिले त्यहाँ ठूलो उद्योगमा परिणत भएको छ । त्यो गाउँ हो : तुलसी ।

छत्तीसगढ राज्यको एउटा सानो गाउँ तुलसी अहिले अप्रत्याशित रूपमा डिजिटल खजानामा परिणत भएको छ । यस गाउँमा १ हजारभन्दा बढी मानिस युट्युबबाट आफ्नो जीविका चलाइरहेका छन् ।

यो यात्रा सन् २०१८ मा दुई युवा जय वर्मा र ज्ञानेन्द्र शुक्लाले शुरू गरेका थिए । उनीहरूले रमाइलोको लागि युट्युब च्यानल शुरू गर्दा यसको आधार तयार भएको भयो । केही महीनामै बेइन छत्तीसगडिया नामक उनीहरूको च्यानल भाइरल बन्यो र १ लाख २७ हजारभन्दा बढी सब्सक्राइबरहरू पुगे । त्यसपछि यी दुईले आफूले खाइरहेको जागीर छोडे र पूर्णरूपमा कन्टेन्ट क्रिएशनमा लागे । यही सफलता देखेर उनीहरूले गाउँका अन्य मानिसलाई पनि युट्युब च्यानल बनाउन सिकाए । केही समयमै यो एउटा डिजिटल लहरजस्तै बन्यो, जसले गाउँको अर्थतन्त्र नै परिवर्तन गरिदियो । आज हजारौं गाउँलेले युट्युबबाट राम्रो आमदानी गरिरहेका छन् । धेरैले ३० हजार भारतीय रुपैयाँभन्दा बढी मासिक कमाइ गरिरहेका छन्, जुन भारतका शहरहरूमा पाइने तलब बराबर छ ।

किसानदेखि इनफ्लुएन्सरसम्मले युट्युब च्यानलमा आफ्नो सामग्री अपलोड गर्छन् । तुलसीको युट्युबको ठूलो प्रभाव पैसा कमाउनुमा मात्र सीमित छैन । यसले पूरै गाउँलाई रूपान्तरित गरेको छ । विगतको दाँजोमा अहिले गाउँमा अपराधका गतिविधि निकै घटेको छ । विगतको बेरोजगारी हटेर अहिले प्रायः सबै रोजगार भइरहेका छन् । डिजिटल रूपान्तरणका कारण नयाँनयाँ अवसरहरू खुलिरहेका छन् ।

अझ रोचक कुरा के छ भने, गृहिणीहरू आफ्ना श्रीमान्हरूभन्दा बढी पैसा कमाउन थालेका छन् । कतिपय महिला खाना पकाउने विधिहरू शेयर गर्छन्, केहीले गाउँको दैनिक जीवन देखाउँछन् । केही महिला मनोरञ्जन र कमेडी भिडियोहरू बनाइरहेका छन् । हरेकले आफ्नो क्षमता देखाइरहेका छन् र डिजिटल रूपान्तरणबाट शहरिया जागिरेले भन्दा बढी राम्रो आमदानी गरिरहेका छन् ।

**छत्तीसगढ राज्यको एउटा सानो गाउँ तुलसी अहिले अप्रत्याशित रूपमा डिजिटल खजानामा परिणत भएको छ । यस गाउँमा १ हजारभन्दा बढी मानिस युट्युबबाट आफ्नो जीविका चलाइरहेका छन् ।**

तुलसीको सफलता देखेर छत्तीसगढ सरकारले सन् २०२३ मा गाउँमै एउटा व्यावसायिक युट्युब स्टुडियो निर्माण गरिदियो । स्टुडियोमा अत्याधुनिक क्यामेरा, साउन्डप्रूफ रूम र सम्पादन सफ्टवेयरहरू उपलब्ध गरायो । त्यसको नतिजा गाउँलेहरूले अझ गुणस्तरीय कन्टेन्ट बनाउन थाले र उनीहरूको आमदानी अझै बढ्यो । युट्युबले गर्दा गाउँमा ठूलो परिवर्तन आएको छ । तर, परिवर्तनले सबै सकारात्मक पक्षमात्रै ल्याउँदैन । सँगै नकारात्मक पक्ष पनि आउँछ । तपाईं तुलसी सरिहान जान चाहनुहुन्छ भने, यहाँ केही चुनौती पनि छन् ।

युट्युबमा पस्किएका सामानको एल्गोरिदम परिवर्तन हुन सक्छ । एक गलत कदमले आमदानी गुम्न सक्छ । युट्युबमा अत्यधिक निर्भरता बढ्नु राम्रो होइन । यदि युट्युबको नीतिमा परिवर्तन आयो भने पूरै गाउँको आमदानी जोखिममा पर्न सक्छ । भाइरल कन्टेन्ट बनाउन सजिलो छैन, मानसिक तनाव पनि हुन सक्छ । थकान पनि हुन सक्छ । गाउँका धेरै मानिसले युट्युबबाट पैसा कमाउने सपना देखिरहेका छन्, तर सबै सफल हुन सक्दैनन् ।

के तुलसी भारतको युट्युब राजधानी बन्छ भन्ने प्रश्न अहिले उठेको छ । स्पष्ट छ, तुलसीले इतिहास रचिसकेको छ । अब प्रश्न के छ भने, के यो प्रवृत्ति निरन्तर रहला ? या अस्थायी डिजिटल लहर मात्र बन्ला ? जे जस्तो भए पनि, अहिलेका लागि तुलसीले संसारलाई देखाइरहेको छ कि ठूला शहरमा नबसे पनि डिजिटल दुनियाँमा ठूलो आमदानी गर्न सकिन्छ । एउटा स्मार्टफोन, इन्टरनेट र सृजनात्मकता छ भने केही लगानी नगरी लाखौं कमाउन सकिने अवस्था डिजिटल पहुँचले निम्त्याएको छ । भारतको गाउँले यस्तो सफलताको उदाहरण दिइरहँदा नेपालमा भने युट्युबको प्रयोग राजनीतिक स्वार्थ पूरा गर्न, उग्र प्रचार सामग्री बनाउनमा बढी प्रयोग भएको पाइन्छ । यद्यपि नेपालमा पनि केही व्यक्तिले यसबाट राम्रो आमदानी गरेका छन् । तपाईं पनि युट्युबबाट पैसा कमाउन चाहनुहुन्छ भने सृजनात्मक क्षमताको प्रयोग गरी नवीन कन्टेन्ट पस्कनुहोस् ।

*(इन्डियन डिफेन्स रिभ्यु डट कम मा प्रकाशित सामग्रीबाट)*

**सच्याइएको**

**बुधवार आर्थिक अभियान राष्ट्रिय दैनिकको पृष्ठ ४ मा प्रकाशित सम्पादकीयको पहिलो अनुच्छेदमा प्रतिनिधि सभा हुनुपर्नेमा अन्यथा हुन गएकाले सच्याइएको छ । –सम्पादक**

‘कोशी प्रदेश पर्यटन वर्ष’का नारा, लोगो र मस्काट सार्वजनिक

# कोशी प्रदेशको समृद्धिको प्रमुख आधार पर्यटन : मन्त्री मण्डल

**वेदराज पौडेल**

विराटनगर

कोशी प्रदेश सरकारले आगामी ‘कोशी प्रदेश पर्यटन वर्ष २०८२’ का नारा, लोगो र मस्कट सार्वजनिक गरेको छ । पर्यटन, वन तथा वातावरणमन्त्री सदानन्द मण्डलले बुधवार यी तीन पहिचान सार्वजनिक गरेका हुन् । पर्यटन वर्षको नारा ‘कोशीको गौरव, हिमालको शान, पर्यटन वर्षमा सबैको सम्मान’ तय गरिएको छ । यसैगरी, पर्यटन वर्षको मस्कट नमस्कार गरिरहेको रेडपाण्डा छानिएको छ भने लोगो नेपालको राष्ट्रिय झण्डाको नीलो, सेतो र रातो घेराभित्र तयार गरिएको छ । लोगोमा माथिल्लो भागमा हिमाल, त्यसको तल पहाडी क्षेत्र र त्यसको तल अर्नासँगै बगिरहेको नदीसहितको तराई-मधेश क्षेत्र समावेश गरिएको छ । मन्त्रालयले सार्वजनिक सूचना जारी गरी नारा, लोगो र मस्कट निर्माणका लागि प्रतिस्पर्धा आह्वान गरेको थियो । उत्कृष्ट डिजाइन तयार पार्नेलाई ५० हजार रुपैयाँ पुरस्कार प्रदान गरिने भए पनि विजेताको नाम भने हाल सार्वजनिक गरिएको छैन ।




मन्त्रालयले पुरस्कार प्रदान गर्ने दिन मात्रै विजेताको नाम खुलाउने तयारी गरेको जनाएको छ । मन्त्री मण्डलले कोशी प्रदेश सरकारको समृद्धिको आधार नै पर्यटन भएकाले यस क्षेत्रको पर्यटन विकासका लागि सरकार सरोकारवालाहरूसँग हातेमालो गरेर अघि बढिरहेको उल्लेख गरे । कोशी प्रदेशको पहिलो प्राथमिकतामा स्थलमार्गबाट आउने भारतीय पर्यटक रहेकाले त्यसैमा केन्द्रित भएर पर्यटन पूर्वाधार विकासमा सरकार लागेको उनले बताए ।

# मकै छोडेर कफीखेतीमा महाभारतका किसान

धुलिखेल (काभ्रेपलाञ्चोक) । यहाँको महाभारत गाउँपालिका-५ मुख्य टोलका नीरज पुलामीले कफीखेतीबाट आम्दानी लिन थालेको तीन वर्ष भयो । मकैको तुलनामा कफी खेतीबाट धेरै आम्दानी हुने भएपछि अहिले उनी मकै छाडेर कफी खेतीमा लागेका छन् ।

यसअघि उनी मकै खेतीको भरमा थिए । तीन वर्षअगाडि ६०० बोट कफी रोपेर खेती शुरू गरेका उनले हाल नयाँ बोटहरू रोप्ने तयारीमा बारीभरि खाल्डो खनेका छन् । ‘यस वर्ष मात्रै ४०० किलो फल्यो,’ उनले भने, ‘केही बिक्री भयो, केही बाँकी छ ।’ दाजुभाइको सहित गरेर उनीहरूले १८ रोपनीमा कफी लगाएका छन् । कफी काँचो प्रतिकिलो १३० र सफा गरेर सुकाएपछि ८३० रुपैयाँसम्ममा बिक्री गरेको उनले बताए । करीब १० वर्ष अगाडिदेखि थोरै मात्रामा कफी खेती शुरू गरेका सोही गाउँका अर्का किसान लालबहादुर मोक्तानले पनि मकै खेतीभन्दा कफीबाट राम्रो आम्दानी भएपछि कफी खेतीलाई प्राथमिकता दिएका छन् । स्थानीय सरकारले सिँचाइको व्यवस्था गरिदिएमा अझ उत्पादन वृद्धि गर्न सकिने मोक्तानको भनाइ छ ।

नीरज र लालबहादुर मात्रै होइनन् । यहाँका अधिकांश किसान कफीखेतीतर्फ आकर्षित भएका छन् । उत्पादन भएको कफी बिक्रीका लागि बजारसम्म धाउनु नपर्ने, घरमै खरीद गर्न व्यापारी आउने भएकाले पनि जीविकोपार्जनमा टेवा पुगेको स्थानीय कान्छा ब्लोन बताए । मकैले खाद्यान्नका रूपमा मात्रै धान्ने गरेकामा कफीबाट नगद प्राप्त गर्न सकिने भएकाले मकैभन्दा कफी सबैको रोजाइ बन्न थालेको उनले बताए । महाभारत गाउँपालिका-४, कोलटार लामागाउँका

**वडा नं. ५ का वडा अध्यक्ष विजय राना मगरले किसानहरूले कफी खेतीमा चासो दिन थालेपछि कफी उत्पादनलाई अभियानकै रूपमा अगाडि बढाएको बताए ।**

जगतबहादुर र शंखलाल थोकरले कफी खेती गरेर वार्षिक १५ लाख रुपैयाँभन्दा बढी आम्दानी गर्दै आएका छन् ।

वडा नं. ५ का वडा अध्यक्ष विजय राना मगरले किसानहरूले कफी खेतीमा चासो दिन थालेपछि कफी उत्पादनलाई अभियानकै रूपमा अगाडि बढाएको बताए । त्यसमा सिँचाइको आवश्यक भएकाले गाउँपालिका र प्रदेश सरकारले सहयोग गरेमा यहाँको किसानको जीवनस्तर परिवर्तन गर्न सकिने उनको भनाइ छ । महाभारत साना किसान कृषि सहकारी संस्था लिमिटेडले कफीका लागि आवश्यक तालिम, प्रशोधन गर्ने मेसिन, सुकाउने तारजाली, त्रिपाललगायतका सामग्री सहयोग गर्दै आएको संस्थाका अध्यक्ष हस्तबहादुर दर्लामीले बताए । महाभारत गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बाले गाउँपालिकाले किसानको आर्थिक उपार्जनमा सहयोग पुऱ्याउने गतिलो माध्यम कफी खेती भएकाले पालिकाले अनुदानमा खेतीलाई व्यवसायीकरण गर्दै लगेको बताए । डाँडापारिको जनताको लागि पहिलो आवश्यकता बाटो र बिजुली रहेकामा त्यसलाई पूरा गरेर हाल नागरिकको जीवनस्तर माथि उठाउन कफी उत्पादनमा जोड दिएको र बिरुवा वितरण, प्रशोधन उपकरणलगायत अन्य सामग्री वितरण गर्दै आएको उनले बताए ।

कफी खेतीलाई वृद्धि गर्न पालिकाको ‘जसले रोप्छ कफीको बोट, उसले पाउँछ २० को नोट’ अभियान चलाएको र सो विवरण कृषि शाखामा पेस गरेर एक बोट बराबर २० का दरले अनुदान दिँदै आएको उनको भनाइ छ । *रासस*

# मृतक पत्रकारका परिवारलाई भाटभटेनीको सहयोग

काठमाडौं (अस) । भाटभटेनी सुपरमार्केटले हालै राजावादी आन्दोलनको क्रममा कार्यस्थलमै ज्यान गुमाएका पत्रकार सुरेश रजकको परिवारलाई ५ लाख रुपैयाँ र किर्तिपुरका सविन महर्जनको परिवारलाई ३ लाख रुपैयाँ दिने घोषणा गरेको छ ।

भाटभटेनीका सञ्चालक मिन वहादुर गुरुङले उक्त हिंसात्मक प्रदर्शनका दौरान भाटभटेनीको काटेश्वरस्थित सुपरमार्केटमा लुटपाट र तोडफोड हुँदा त्यसलाई रोक्न वहादुरी प्रदर्शन गरेका सुरक्षा गार्डलाई बुधवार सम्मान गर्ने क्रममा मृतकका परिवारलाई पनि सहायताको घोषणा गरेका हुन् । सुरक्षा गार्ड दुलप्रसाद पराजुलीलाई ५ लाख नगद प्रदान गरिनुका साथै ग्रेड पनि वढुवा गरिएको थियो । उक्त अवसरमा गुरुङले राजावादीले राजसंस्था पुनस्थापनाका लागि जनकमाण्डर तोकेका दुर्गा प्रसाईलाई गुण्डा नाईकेको उपमा दिए । प्रसाईले विगतदेखि नै व्यवसायीमाथि धावा वोल्दै आएपनि सरकार चुप लाग्दा काठमाडौंको तिनकुनेमा हिसात्मक घट्ना घटेको र भाटभटेनीमा तोडफोड भएको गुरुङले वताए ।

‘आज भाटभटेनीमाथि आक्रमण भयो । भोलि अन्य प्रतिष्ठानहरूमा पनि आक्रमण हुन सक्छ । आज भाटभटेनीको सम्पत्ति लुट्नेले भोलि देशको सबै व्यवसायीको सम्पत्ति लुट्न सक्छन्,’ गुरुङले भने । ‘यस्ता लुटेराहरूले ल्याएको परिवर्तन हामीलाई चाहिएको हो ? यस्ता समूहप्रति हाम्रो समर्थन हो ? कदापि होइन ।’

**बाँकी पृष्ठ १ बाट ...**

**उखु उत्पादन ...**

अध्यक्ष मैनालीका अनुसार २०७४ पछि सरकारले उत्पादन लागतअनुसार उखुको मूल्य तोकेको छैन । २०७४ मा सरकारले प्रतिक्वीन्टल उखुको मूल्य ५ सय ३६ रुपैयाँ तोकेको थियो । त्यसयता श्रमिकको ज्याला र मलबीउको मूल्य दोब्बर तेब्बर बढिसक्दा पनि सरकारले उखुको मूल्य क्वीन्टलमा ११९ रुपैयाँ मात्रै बढाएको उनले जानकारी दिए । चालू आवमा सरकारले उखुको समर्थन मूल्य प्रतिक्वीन्टल ६५५ रुपैयाँ निर्धारण गरेको छ ।

पहिले चिनी मिलले नै अनुदानको रकम कृषकलाई दिने व्यवस्था थियो । उद्योगबाट अनुदान रकम कृषकले नपाएको गुनासो आउन थालेसँगै सरकारले जिल्लाका कोष तथा लेखा नियन्त्रकका कार्यालयमार्फत कृषकको बैंक खातामा सोझै अनुदान रकम भुक्तानी हुने व्यवस्था गरेको छ । यद्यपि, उद्योगीहरूले किसानलाई प्रदान गर्ने रकम पाउन भने अझै पनि समस्या छ । मन्त्रालयले उखुको उत्पादन घट्नुमा पर्याप्त सिँचाइको अभाव र बढी उत्पादन दिने जातको उखुको बीउ आयात गर्न नसक्नुलाई प्रमुख कारण मानेको छ । केही जिल्लामा उखु प्रवर्द्धन कार्यक्रमअन्तर्गत सरकारले सिँचाइका कार्यक्रम अघि सारे पनि ती कार्यक्रम प्रभावकारी हुन सकेका छैनन् ।

महासंघले गरेको अध्ययनअनुसार नेपालमा एक बिगाहा जमीनमा उखुखेती गर्दा साढे ३ लाख रुपैयाँ खर्च लाग्छ । यस्तो अवस्थामा नाफा हुनका लागि एक बिगाहामा ६ सय क्वीन्टलसम्म उखु उत्पादन हुनुपर्छ । तर, नेपालमा खेती हुने जातको उखुबाट एक बिगाहामा ३ सय ५० क्वीन्टलमात्र उत्पादन हुने गरेको छ ।

**विनोद चौधरीको ...**

भारत, सर्बिया र बंगलादेशमा पनि यस व्यावसायिक समूहका कारखानाहरू छन् । इजिप्टमा पनि वाईवाईको कारखानाको निर्माण भइरहेको छ भने कम्पनीले ससेजहरू पनि उत्पादन गर्न लागेको फोर्ब्सले उल्लेख गरेको छ । सिजीको १४३ ओटा होटेलमा स्वामित्व तथा व्यवस्थापन रहेको छ । यसअन्तर्गत भारतको ताज होटेल चेनसँगको सहकार्यमा लग्जरी होटेलहरूमा पनि लगानी रहेको छ ।

**इलन मक्स ...**

विगत १ वर्षमा उनले १ खर्ब ४७ अर्ब डलर सम्पत्ति थपेका छन् । यसको मुख्य कारण भनेको उनको रकेट कम्पनी स्पेस एक्स र उनको आर्टिफिसियल इन्टिलेजेन्स कम्पनी एक्सएआईको शेयर मूल्य उच्च वृद्धि हुनु हो । ट्रम्प प्रशासनमा आबद्ध भएयता उनको विद्युतीय गाडी उत्पादक कम्पनी टेस्लाको शेयरको भाउ घटे पनि यसको मूल्य गतवर्षको दाँजोमा उच्च नै रहेको छ । २ खर्ब १६ अर्ब डलरको सम्पत्तिसहित दोस्रोमा मेटाका मार्क जुकरबर्ग रहेका छन् भने २ खर्ब १५ अर्बको सम्पत्तिसहित अमेजनका जेफ बेजोस तेस्रो नम्बरमा आएका छन् ।

**काठ जिल्ला बाहिर बिक्री सुचना**

(सूचना प्रकाशन मिति २०८१/१२/२१)

श्री लेख्नेढुङ्गा सा.व.उ.स.बेलका न.पा.-६, उदयपुरबाट उत्पादित रहेको विभिन्न लटको साल गोलिया ७८ थानको ५७०.०३ क्यू.फिट काठ जिल्ला बाहिर बिक्री गर्नु पर्ने भएकोले २१ दिने सुचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि समुहमा सर्म्पक राख्नु होला । श्री लेख्नेढुङ्गा सा.व.उ.स.बेलका न.पा.-६, उदयपुर

**काठ जिल्ला बाहिर बिक्री सुचना**

(सूचना प्रकाशन मिति २०८१/१२/२१)

श्री नवदीप सा.व.उ.स. त्रियुगा न.पा.-१४, उदयपुरबाट उत्पादित रहेको विभिन्न लटको साल गोलिया ४३ थानको ४०८.८१ क्यू.फिट,काठ जिल्ला बाहिर बिक्री गर्नु पर्ने भएकोले २१ दिने सुचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि समुहमा सर्म्पक राख्नु होला। श्री नवदीप सा.व.उ.स. त्रियुगा न.पा.-१४,उदयपुर

**नेपाल पुनर्बीमा कम्पनी लिमिटेड**
(नेपाल सरकारको स्वामित्वमा स्थापित)
बीमा समितिबाट इजाजत प्राप्त
**Nepal Reinsurance Co.Ltd. (Nepal Re.)**
(An-Undertaking of Nepal Government)
Licensed from Insurance Board

थापाथली, काठमाण्डौ
फोन नं.०१-५९७०४०१,४०२
इमेल: nepare@ntc.net.np
वेभसाइट: www.nepalre.com.np

## Quarterly Financial Results for quarter ended on 31 Ashar 2081, F.Y. 2080/81 B.S

## Consolidated Statement of Financial Position

Fig in NPR

| Particulars | "At the end of this Quarter (Unaudited)" | At the end of Immediate Previous Year (Audited) |
|---|---|---|
| **Assets:** | | |
| Goodwill & Intangible Assets | 1,018,680 | 476,054 |
| Property and Equipment | 584,974,177 | 587,982,600 |
| Investment Properties | - | - |
| Deferred Tax Assets | 175,246,058 | 136,873,866 |
| Investments | 21,025,598,256 | 20,478,743,972 |
| Loans | 24,487,381 | 25,066,856 |
| Reinsurance Assets | 2,156,399,344 | 2,024,552,984 |
| Current Tax Assets (Net) | 411,792,245 | 461,201,096 |
| Insurance Receivables | 6,412,309,442 | 3,541,076,342 |
| Other Assets | 136,269,563 | 206,033,990 |
| Other Financial Assets | 462,999,017 | 423,123,678 |
| Cash and Cash Equivalents | 364,375,631 | 295,266,047 |
| **Total Assets** | **31,755,469,793** | **28,180,397,485** |
| **Equity:** | | |
| Share Capital | 13,422,187,078 | 12,813,543,750 |
| Share Application Money Pending Allotment | | - |
| Share Premium | - | - |
| Special Reserve | 4,403,916,832 | 3,838,094,199 |
| Catastrophe Reserves | 324,065,193 | 267,482,929 |
| Retained Earnings | 529,907,108 | 672,660,380 |
| Other Equity | 782,235,517 | 729,403,633 |
| **Total Equity** | **19,462,311,728** | **18,321,184,891** |
| **Liabilities:** | | |
| Provisions | 1,000,732,849 | 802,508,350 |
| Gross Insurance Contract Liabilities | 9,028,082,934 | 7,248,549,171 |
| Deferred Tax Liabilities | | - |
| Insurance Payable | 2,124,590,872 | 1,438,333,022 |
| Current Tax Liabilities (Net) | - | - |
| Borrowings | - | - |
| Other Liabilities | 135,942,186 | 328,142,450 |
| Other Financial Liabilities | 3,809,224 | 41,679,599 |
| **Total Liabilities** | **12,293,158,065** | **9,859,212,593** |
| **Total Equity and Liabilities** | **31,755,469,793** | **28,180,397,485** |

## Consolidated Statement of Profit or Loss

| Particulars | Current Year | | Corresponding Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| **Income:** | | | | |
| Gross Earned Premiums | 4,395,956,556 | 10,588,513,015 | 4,739,764,820 | 11,135,010,594 |
| Premiums Ceded | -57,861,176 | -1,096,056,466 | -496,987,229 | -1,254,625,056 |
| **Net Earned Premiums** | **4,338,095,380** | **9,492,456,549** | **4,242,777,592** | **9,880,385,538** |
| Commission Income | -1,505 | -1,505 | | 1,186,474 |
| Other Direct Income | 28,514,066 | 108,947,218 | 322,183,780 | 469,682,015 |
| Income from Investments and Loans | 371,585,159 | 1,660,818,298 | 522,438,744 | 1,941,250,766 |
| Net Gain/(Loss) on Fair Value Changes | - | - | - | - |
| Net Realised Gains/(Losses) | - | - | - | - |
| Other Income | 12,983,288 | 22,890,457 | 15,728,504 | 15,728,504 |
| **Total Income** | **4,751,176,388** | **11,285,111,018** | **5,103,128,619** | **12,308,233,298** |
| **Expenses:** | | | | |
| Gross Claims Paid | 3,081,839,569 | 7,004,466,461 | 3,251,112,201 | 7,576,216,815 |
| Claims Ceded | -746,577,178 | -746,577,178 | -404,506,199 | -404,506,199 |
| Gross Change in Contract Liabilities | -278,812,173 | -401,987,639 | 1,706,537,474 | -643,766,545 |
| Change in Contract Liabities Ceded to Reinsurers | 66,709,382 | -95,630,504 | -999,440,724 | 696,388,271 |
| **Net Claims Incurred** | **2,123,159,601** | **5,760,271,140** | **3,553,702,752** | **7,224,332,341** |
| Commission Expenses | 1,319,610,322 | 3,162,328,429 | 979,800,015 | 1,942,949,762 |
| Service Fees | 33,065,293 | 87,283,216 | 16,579,358 | 59,249,677 |
| Other Direct expenses | 238,097,054 | 314,531,606 | 259,753,901 | 703,712,976 |
| Employee Benefits Expenses | 125,800,854 | 264,677,842 | 152,822,938 | 309,419,986 |
| Depreciation and Amortization Expenses | 3,788,801 | 15,272,001 | 15,155,205 | 15,155,205 |
| Impairment Losses | - | - | -1,017,436,388 | - |
| Other Operating Expenses | 27,541,947 | 61,377,857 | 44,651,053 | 86,308,601 |
| Finance Cost | 444,862 | 2,684,338 | 10,564,985 | 26,618,108 |
| Total Expenses | 3,871,508,734 | 9,668,426,429 | 4,015,593,819 | 10,367,746,656 |
| **Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax** | **879,667,654** | **1,616,684,589** | **1,088,721,274** | **1,940,486,642** |
| Share of Net Profit of Associates accounted using Equity Method | - | - | - | - |
| Profit Before Tax | 879,667,654 | 1,616,684,589 | 1,088,721,274 | 1,940,486,642 |
| Income Tax Expenses | 263,826,177 | 485,039,323 | 126,070,679 | 381,600,289 |
| Net Profit/(Loss) For The Year | 615,841,477 | 1,131,645,266 | 962,650,595 | 1,558,886,353 |
| **Earning Per Share** | | | | |
| Basic EPS | | 8.43 | | 12.17 |
| Diluted EPS | | 8.43 | | 12.17 |

## CONDENSED CONSOLIDATED STATEMENT OF OTHER COMPREHENSIVE INCOME

| Particulars | Current Year | | Corresponding Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| **Net Profit/(Loss) For The Year** | 615,841,477 | 1,131,645,266 | 962,650,595 | 1,558,886,353 |
| Other Comprehensive Income | 46,115,431 | 46,115,431 | | |
| Total Comprehensive Income | 661,956,908 | 1,177,760,697 | 962,650,595 | 1,558,886,353 |

## OTHER DETAILS

| Particulars | Current Year Upto this Quarter (YTD) | Previous Year Upto this Quarter (YTD) |
|---|---|---|
| 1. **Total Claims Paid Count** | | |
| 2. Outstanding Claims Count | | |
| 3. Long Term Investments (Amount) | 3,614,761,436 | 3,111,540,117 |
| 4. Short Term Investments (Amount) | 17,410,836,820 | 17,367,203,855 |

**Note:**
Above Interim financial statement has comply with the requirements of Nepal Accounting Standard - 34 "Interim Financial Reporting"" wherever applicable including directives issued by Nepal Beema Pradhikaran. The interim financial report has been pubtished in company's website (www.nepalre.com.np). Above financial statements includes provisional figures based on latest data and information received by the company as Statement of Accounts(SOA) are still pending.

## Disclosure as per Section 84(3) of Insurance Act, 2079

**1.Solvency Ratio related disclosure:**
As per latest audited financial statements of the company, the solvency ratio as on Ashad end, 2080 is 3. 65, which is higher than the regulatory requirement i.e. 1.5 times.

**2.Reinsurance related disclosure:**
The company has arranged for adequate and appropriate retrocession program based on the directives issued by the Nepal Insurance Authority and strategy of the company.

**3.Details regarding legal proceeding:**
There are a few numbers of legal proceedings from the company against tax assessment of previous fiscal years from the Large Taxpayer's Office.

**4.Corporate Governance:**
The company is conducting its activities in accordance with the provision of Insurance Act, Insurance Regulation, Directives and Circulars issued by Nepal Insurance Authority, the internal control mechanism of the company and following the suggestions received from the internal and external auditor of the company and Nepal Insurance Authority.

**5.Any other disclosure as deemed relevant**
None

## Disclosure as per Securities Registration and Issuance Regulation 2073 Related to sub-Regulation (1) of Regulation (26)

**1. Financial Statements Quarter - II (FY 2080/81)**

**A. Quarterly Statement of Financial position and Statement of Profit or Loss**
The quarterly financial statements for first quarter have been published along with this report. The financial statement has been prepared in compliance with Nepal Accounting Standard - 34 "Interim Financial Reporting" and Nepal Financial Reporting Standards (NFRS) issued by the Nepal Accounting Standards Board (ASB) and directivesaand circulars issued by Nepal Insurance Authority and required disclosures as per Securities Board of Nepal. The previous period figures have been regrouped and adjusted wherever required.

**B. Major Financial Ratios**

| | | | |
|---|---|---|---|
| Earning Per Share | 8.43 | Net worth per share (Rs.) | 145.00 |
| P/E Ratio | 92.04 | Total Assets per share (Rs.) | 236.59 |

**2. Management Analysis**
Company has been able to position itself as preferred reinsurer within the country and also has been able to demonstrate itself as trustworthy reinsurer among international brokers and reinsurer. In the current quarter investment return of the company is affected due to decrease in the interest rate offered by the bank and financial institutions As an investment diversification objective company has plan to increase its investment in alternatives as per Nepal Insurance Authority directive. The decrease in economic activity within the country and economic stress scenario worldwide has affected the growth of the insurance industry.

**3. Details regarding legal proceedings**
There are a few numbers of legal proceedings from the company against tax assessment of previous fiscal years from the Large Taxpayer's Office.

**4. Analysis of company's share transactions**
Since shares of the company are traded based on the trust of investors towards the Company and analysis of its returns, no major fluctuations are noted in the share price of the Company and there has been satisfactory trading of shares in the capital market.
**The following figures depict the transactions of the company's share in capital market during the quarter:**

| | |
|---|---|
| Maximum share price : NPR 776 | Total number of transactions : 15033 |
| Minimum share price : NPR 630.1 | Total number of shares traded : 1720698 |
| Closing share price : NPR 760 | Total number of transaction days : 61 days |

*Source: As published in the website of Nepal Stock Exchange (www.nepalstock.com.np)

**5. Problems and Challenges**
a. Lack of growth of industrial activities.
b. Fluctuations in the interest rate offered by the bank and financial institutions
c. Impact of CAT risk and its upcoming exposure.
d. Shortage of technical and dedicated manpower in the insurance industry.
e. Unstable political environment of the country.
f. Delay in receiving Statement of Accounts (SOAs) from cedent companies.

**6. Strategies initiated by Management to solve the problems and challenges:**
a. Diversification of investment in alternatives as per Nepal Insurance Authority Directive.
b. Establish and cause to arrange insurance pools for management of reinsurance and claim payment of various risk exposure.
c. Obtaining appropriate reinsurance arrangement for covering the risk exposure.
d. Continuous Training and development activities for the development of human resource.
e. Providing appropriate reinsurance coverage to national insurance companies to carter their reinsurance needs.
f. Enhancing public relation with the market and cedent companies.

**7.Corporate Governance**
The company is conducting its activities in accordance with the provision of Insurance Act, Insurance Regulation, Directives and Circulars issued by Nepal Insurance Authority, the internal control mechanism of the company and following the suggestions received from the internal and external auditor of the company and Nepal Insurance Authority.

**8.Declaration by Chief Executive Officer on truthfulness of information**
I, hereby, declare that all the information provided in this document is true, complete and factual and that I take personal responsibility for any deviations thereof. I also declare that the Company's information or data, that assist investors in making informed investment decisions, have not been misstated in any way.

# २ हजार ७०० विन्दुमा नेप्से

अभियान संवाददाता
काठमाडौं

धितोपत्र दोस्रो बजारको समग्र कारोबार मापक नेप्से परिसूचक २ हजार ७०० विन्दुमा उक्लिएको छ । अघिल्लो कारोबार दिनको तुलनामा बुधवार नेप्से परिसूचक शून्य दशमलव ८९ प्रतिशत अर्थात् २३ दशमलव ८६ अंक बढेको हो ।

यस दिन १६६ कम्पनीको धितोपत्र मूल्य बढेको छ भने ७८ कम्पनीको धितोपत्र मूल्य घटेको छ । सेन्ट्रल फाइनान्सको शेयर मूल्य सर्वाधिक १० प्रतिशत बढेको हो भने दोश्रोमा विशाल बजार कम्पनीको शेयर मूल्य ९ दशमलव ९६ प्रतिशत बढेको हो ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| सेन्ट्रल फाइनान्स लिमिटेड | ६१३.६० | १०.०० | बोटलर्स नेपाल (बालाजु) लिमिटेड | १७,५७९.८० | -१०.०० |
| विशाल बजार कम्पनी लिमिटेड | ६,४०३.०५ | ९.९६ | वलेफी हाइड्रोपावर लिमिटेड | ३१९.०० | -४.८५ |
| उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ३,५८२.२५ | ९.२९ | एनआईसी एशिया ब्यालेन्सड् फण्ड | ९.०० | -२.९१ |
| हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड | १,३९६.४६ | ६.७९ | १०.२५% नेपाल एसबिआई बैंक ऋणपत्र २०८३ | १,०५८.४० | -२.०० |
| न्यादी हाइड्रोपावर लिमिटेड | ६४४.८९ | ६.४२ | अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ७४३.५७ | -१.९७ |

सेन्ट्रल फाइनान्सको शेयर मूल्य प्रतिकित्ता ५५ रुपैयाँ ७८ पैसाले बढेर अन्तिम मूल्य ६१३ रुपैयाँ ६० पैसा कायम भएको छ । त्यस्तै, विशाल बजार कम्पनीको शेयर मूल्य प्रतिकित्ता ५८० रुपैयाँ १० पैसाले बढेर अन्तिम मूल्य ६ हजार ४०३ रुपैयाँ शून्य ५ पैसा कायम भएको छ ।

बोटलर्स नेपाल (बालाजु)को शेयर मूल्य भने १० प्रतिशत घटेको छ । यो दिन बोटलर्स नेपाल (बालाजु)को शेयर मूल्य प्रतिकित्ता १ हजार ९५३ रुपैयाँ ३० पैसाले घटेर अन्तिम मूल्य १७ हजार ५७९ रुपैयाँ ८० पैसा कायम भएको छ ।

नेप्से परिसूचक बढेपनि बुधवार कारोबार रकम भने घटेको छ । अघिल्लो कारोबार दिन ५ अर्ब ७९ करोड ७७ लाख रुपैयाँभन्दा बढीको १ करोड ६ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा बुधवार ५ अर्ब ४४ करोड ४४ लाख रुपैयाँभन्दा बढीको १ करोड ४ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

बुधवार कुल कारोबारमा सर्वाधिक हिस्सा सिर्ईडिबि होल्डिङ्ग्स लिमिटेडले ओगटेको छ । कम्पनीको ३६ करोड ५५ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको हो ।

बुधवार उत्पादन तथा प्रशोधन समूहको परिसूचक १ दशमलव ४७ प्रतिशत घटेको छ भने निर्जीवन बीमाको शून्य दशमलव २६ प्रतिशत घटेको छ । यी बाहेक अन्य समूहका परिसूचक भने बढेका छन् ।

**बजार पूँजीकरण बढ्यो**

बुधवार बजार पूँजीकरण रू. ३९ अर्ब ६३ करोडले बढ्दै रू. ४४ खर्ब ८३ अर्ब ४६ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४४ खर्ब ४३ अर्ब ८२ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा बुधवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ३५ दशमलव १३ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. १ अर्ब ९१ करोड २५ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा लगानी समूह रहेको छ । उक्त समूहको रू. ८१ करोड ९१ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

बुधवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. ८६ करोड ७९ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ४७ करोड ६७ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ३९ करोड ११ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ४५ रहेको छ । जसबाट बुधवारको बजारमा रू. ५० करोड ५० लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | व्यापार | ४,८७७.६१ | ९.४४ |
| २ | वित्त | २,६३७.७७ | ३.१२ |
| ३ | लगानी | ११०.२७ | १.३७ |
| ४ | म्युचुअल फण्ड | १९.२५ | ०.६९ |
| ५ | होटल तथा पर्यटन | ६,४३५.५३ | ०.५९ |
| ६ | बैंकिङ्ग | १,३६४.२९ | ०.५१ |
| ७ | जलविद्युत् | ३,५०३.५२ | ०.४२ |
| ८ | अन्य | २,४३६.९९ | ०.३५ |
| ९ | विकास बैंक | ५,५१०.०९ | ०.३० |
| १० | जीवन बीमा | १३,५११.१३ | ०.२५ |
| ११ | लघुवित्त | ४,८६५.१९ | ०.१७ |
| १२ | निर्जीवन बीमा | १२,२७०.०१ | -०.२६ |
| १३ | उत्पादन तथा प्रशोधन | ७,१०२.५३ | -१.४७ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | १९१.२५ | ३५.१३ |
| २ | लगानी | ८१.९१ | १५.०५ |
| ३ | अन्य | ५७.६१ | १०.५८ |
| ४ | विकास बैंक | ४०.३८ | ७.४२ |
| ५ | वित्त | ३४.७५ | ६.३८ |
| ६ | बैंकिङ्ग | ३४.२९ | ६.३० |
| ७ | जीवन बीमा | ३३.०० | ६.०६ |
| ८ | लघुवित्त | २४.७० | ४.५४ |
| ९ | उत्पादन तथा प्रशोधन | १७.३५ | ३.१९ |
| १० | निर्जीवन बीमा | १०.४६ | १.९२ |
| ११ | व्यापार | ७.९० | १.४५ |
| १२ | होटल तथा पर्यटन | ४.१४ | ०.७६ |
| १३ | ऋणपत्र | २.८६ | ०.५३ |
| १४ | संस्थापक शेयर | २.८४ | ०.५२ |
| १५ | म्युचुअल फण्ड | ०.९३ | ०.१७ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ३९.११ | ४७.६७ | ८६.७९ |
| ४५ | २६.८४ | २३.६५ | ५०.५० |
| ४२ | १९.८३ | २०.६६ | ४०.४९ |
| ६५ | १९.६८ | १९.३६ | ३९.०५ |
| ३४ | २१.५७ | १६.५२ | ३८.०९ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) |
|---|---|
| सिर्ईडिबि होल्डिङ्ग्स लिमिटेड | ३६.५५ |
| हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ३५.०६ |
| डादी ग्रुप पावर लिमिटेड | २७.३२ |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | २६.६६ |
| हिमालयन पावर पार्टनर लिमिटेड | २२.४९ |

## बीमालेख हराएको सूचना

यस कम्पनीबाट विभिन्न मितिमा जारी गरिएका तपसिलमा उल्लेखित बीमालेख हराएको हुनाले प्रतिलिपि बीमालेख पाउँ भनी निवेदन परेकाले उक्त बीमालेख उपर कोही कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित हकदावी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र उक्त बीमालेख सम्बन्धी कसैले हक दावी गर्न नआएमा निजहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा सूचित गरिन्छ।

**तपसिल**

| बीमालेख नं. | बीमितको नाम | बीमितको ठेगाना |
|---|---|---|
| ००८००१२०४ | डा.नीर शोभा चित्रकार | ललितपुर उपमहानगर वडा नं.६, ललितपुर |
| ०७००२४३२७ | श्री नमराज वि.क. | भेरीकालिका थुम - ३, दैलेख |
| ०२८०००६९६ | श्री निरज सेजवाल | सारदा न.पा. १०, सल्यान |
| ०७००२३९७१ | श्री पवन रोकाया | बैजनाथ - १, बाँके |
| ०७००२३९७७ | श्री पूनम रोकाया | बैजनाथ - १, बाँके |
| १५८००८०४१ | श्री प्रतिक्षा घर्ति वली | त्रिवेणी गा.पा. १, पश्चिम रुकुम |
| ०३९०००७४२ | श्री कृशा कंडेल | बगनासकाली गा.पा. ६, पाल्पा |
| ०२२०००५५९ | श्री सागर कट्वाल | हेटौडा गा.वि.स वडा नं. ५, मकवानपुर |
| ०६३०००२९१ | श्रीमान बम बहादुर रावल | माझीगाऊँ गा.बि.स.वडा नं.२, बझाङ्ग |
| ०६५००३७७० | श्री भुवन प्रसाद भट्ट | रुपाल गा.वि.स.वडा.नं.३ , डडेलधुरा |
| ०६५००५०१६ | श्री दशरथ भट्ट | भागेश्वर गा.पा. ५, डडेलधुरा |
| १२२०००४७७ | श्री दिपक कार्की | सोल्मा, गा. वि. स. वडा नं. ७, तेह्रथुम |
| १२२०००६२९ | श्री सेसेहाङ्ग लिम्बु | जलजले गा. वि. स. वडा नं. ४, तेह्रथुम |
| २१३००१३४१ | श्री पल बहादुर वली | खारा गा.वि.स.वडा नं.२, रुकुम |
| ०२१०१३५६० | श्री अनिता विश्वकर्मा | इटहरी उप.म.न.पा. २०, सुनसरी |
| ०६१००६१४६ | श्री जगदिश भट्ट | भिमदत्त न.पा. ३, कंचनपुर |
| ०८०००७२५० | श्री विष्णु देव चौधरी | पिप्रापुर्व गा.वि.स. ४, सप्तरी |
| ११२०१७१८९ | श्री विष्णु पाण्डे | वस्तु गा.वि.स. २, गुल्मी |
| ०३५००१६१३ | श्रीमती चमेली लामा गोपाली | नामटार गा वि स वार्ड नं.४, मकवानपुर |
| ०३५०१११७६ | श्री बिन्दु रानाभाट | हेटौंडा उप.म.न.पा. वडा नं. १०, मकवानपुर |
| ०३५०११२५३ | श्री इन्दिरा न्यौपाने | हेटौंडा उप.म.न.पा. वडा नं. २, मकवानपुर |
| ०४१००२०४४ | श्री खिम प्रकाश डाँगी | बुढागाँउ गा.वि.स. वडा नं.४, रोल्पा |
| ००८००२२२१ | श्री सोभा थापा | बनेपा नगरपालिका वडा नं ११, काभ्रे |
| ०५१०००००१० | श्री सागर गुरुङ्ग | लापु गा.वि.स. वडा नं. ४, गोरखा |
| ०६४०००६९८ | सुश्री खेमन कुमारी डंगौरा | जोशीपुर गा.वि.स.वडा नं.१, कैलाली |
| ०६५००४७३३ | सुश्री सुहाना उप्रेती | नवदुर्गा गा.पा.वडा नं.८, डडेलधुरा |
| १३०००१६८४ | श्रीमती कमला दाहाल | नीलकण्ठ न.पा वडा नं.६, धादिङ्ग |
| २२५००२९७० | श्री कृष चौधरी | कन्चनरुप न.पा. वडा नं. ११, सप्तरी |
| ०१००७८७५८ | श्रीमती सरस्वती खरेल | कुरुवास चापाखोरी गा.वि.स. वडा नं.३, काभ्रे |
| ०१००८५८२७ | श्री राजेस प्रसाद आचार्य | चन्द्रागिरी न.पा. वडा नं.९, काठमाडौं |
| ०३१००००८७ | श्री चुन माया दाहाल | चंद्रपुर न.पा. १, रौतहट |
| ०३८०१००६६ | श्री रेली माई थिङ | लालबन्दी न.पा. ७, सर्लाही |
| ०५००३८१०९ | श्री कमल शर्मा | फलेबास - ३, पर्वत |
| ०८४००३१६१ | श्री इशवरा ढुंगेल | लखनपुर गा.वि.स. ८, झापा |
| ०९१००१७१६ | श्री सुरेश ठाकुर | हरिवन न.पा. ५, सर्लाही |
| ०२००१२२५९ | जीवन कुमार श्रेष्ठ | इटहरी न.पा.वडा नं.५, सुनसरी |
| ११२०१६८३८ | श्री प्रविन कार्की | जनकपुर न.पा. ४, धनुषा |
| ०२३०००६३४ | श्री अक्षयहाङ्ग राई | बाला गा.वि.स.वडा नं.२, संखुवासभा |
| ०४०००८६१२ | श्री लिला भण्डारी | वोस्तु गा.वि.स. ३, गुल्मी |
| ०४०००८९०९ | श्रीमती प्रितम देवी चौधरी थरुनी | बसन्तपुर गा.वि.स., वडा नं. ८, रुपन्देही |
| ०५०००९८१६ | श्री कृष्ण प्रसाद पोखरेल | चिन्नेबास गा.वि.स. वडा नं. ७, स्याङ्गजा |
| ०५००१४३५५ | श्री बिकल गुरुङ्ग | घान्द्रुक गा.बि.स वडा नं. ८, कास्की |
| २३१००३८५८ | श्री करुणा बुढा मगर | एरावती गा.पा. ३, प्यूठान |
| ०५१०००४०० | श्री विवेक सुनार | मान्वु गा.बि.स वडा नं. ३, गोरखा |
| ०६०००४८३६ | श्री ललित सिंह खत्री | रिठाचौपाठा गा.वि.स. १, दार्चुला |
| ०६००१५६९८ | श्री धनीराम चौधरी | हसुलिया गा.वि.स.वडा नं.८, कैलाली |
| ०६२००१०९२ | श्रीमान करन बहादुर चन्द | सित्तड गा.वि.स. वाड नं.५, बैत्तडी |
| ०७०००२३२५ | श्री पुर्ण बहादुर शाही | स्युना गा.वि.स. वडा नं.१, कालिकोट |
| ०७०००३१९२ | श्रीमती इश्वरी कुमारी खत्री | कजेरी गा.वि.स.वडा नं ६, सल्यान |
| ०७०००६८१२ | श्री केशब बहादुर बुढाथोकी | खलंगा गा.वि.स.वडा नं.९, सल्यान |
| ११२००९६२० | श्री पदमावती जोशी(प्रधान) | काठमाडौ म.न.पा, वडा नं २७, काठमाडौं |
| १५८००४१२३ | श्री विवेक के.सी. | वाँफिकोट गा.वि.स. वडा नं. - ८, रुकुम |
